का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ भदौ २०८२
शनिबार
6 September 2025
Saturday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २३, अंक २१६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

**पशुपतिमा 'बेपरवाह बेथिति'**



# नापीमा हरायो ३१ रोपनी जग्गा साढे ५ करोड बक्यौता उठाउनै बाँकी

*यस क्षेत्रको गुठी जग्गाको व्यवस्थापन गर्न, दर्ताविहीन जग्गा दर्ता गर्न अन्य जग्गाको खोजबिन, आर्थिक प्रशासनमा देखिएको अनियमितता, पसल, धर्मशालालगायत समस्या सुल्झाउन सकेको छैन ।*

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २० साउन

पशुपतिनाथ क्षेत्र विकास कोषमा एकपछि अर्को बेथिति देखिन थालेको छ । पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्काका पदाधिकारी र कर्मचारीबाटै हुने गरेको अनियमितताले बेथितिलाई बढावा दिएको हो ।

पशुपतिनाथ क्षेत्र विश्व सम्पदा सूचीमा सूचीकृत नेपालको सबैभन्दा ठुलो धार्मिक आस्थाको केन्द्रका रूपमा रहेको छ। तर अहिलेसम्म पशुपति क्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि तयार पारिएको गुरुयोजना पनि स्वीकृत गरिएको छैन । सो गुरुयोजना स्वीकृत नभएकाले विश्व सम्पदा सूचीमा सूचीकृत यस क्षेत्रलाई जोखिमबाट बाहिर ल्याउन सरकार नै नलागेको प्रस्ट देखिन्छ । सात महिनादेखि सञ्चालक परिषद्को बैठक बस्न सकेको छैन भने केही समयदेखि कोषको सदस्य सचिवसमेत रिक्त छ ।

कोषका कार्यकारी सुवास चन्द्र जोशी नै निमित्त सदस्य सचिवको भूमिकामा छन् । तत्कालीन सदस्यसचिव निर्मल कुइँकेलसहित नौ जना भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका थिए। कोषको जग्गामा बालुवाखानी सञ्चालन गरी भ्रष्टाचार गरेको आरोपमा दोषी ठहर भएका थिए। उनीहरू बाहिर आएसँगै कोषमा हुने गरेका सबै खालका भ्रष्टाचारजन्य गतिविधिसमेत बाहिर आउन थालेका छन् । पदाधिकारीहरूले नै कोष दोहन गर्ने चलन अहिले पनि नरोकिएको बताइन्छ ।

यस क्षेत्रको गुठी जग्गाको व्यवस्थापन गर्न, दर्ताविहीन जग्गा दर्ता गर्न अन्य जग्गाको खोजबिन, आर्थिक प्रशासनमा देखिएको अनियमितता, पसल, धर्मशालालगायत समस्या सुल्झाउन सकेको छैन। साथै र नापीमा ३१ रोपनी हराइरहेको छ भने साढे ५ करोड बक्यौता उठाउन सकेको छैन। महालेखाको झन्डै सवा अर्बको बेरुजुबारे समेत सरकारले ठोस निर्णय लिन सकेको छैन। पशुपति मन्दिरको भेटिघाटीको चुहावटको व्यवस्थापनदेखि भौतिक पूर्वाधार, सम्पत्तिको संरक्षणका विषयमा समेत सरकार मौन रहेको छ । कोषका पदाधिकारी र सरकारी कर्मचारीले कोषको रकममा मनमैजी गर्दै आएका छन् ।

पशुपति क्षेत्र विकास कोष ऐन २०४४ र यसअन्तर्गत बनेका नियमावली अपर्याप्त र अव्यावहारिक रहेको भन्दै तत्काल संशोधन गर्न सञ्चालक सदस्यहरूले नै माग गरेका छन्। कोषका परिषद् सदस्यहरू हरिनाथ ढकाल, शिक्षित पराजुली, बाबुशरण सुवेदी, डा. भरतप्रसाद बडाल, रामेश्वर संगत, रेनुका पराजुलीले प्रधानमन्त्रीलाई यस विषयमा ध्यानाकर्षण पत्र नै लेखेका छन्। पशुपति मन्दिरको भेटिघाटीको चुहावट व्यवस्थापनदेखि भौतिक पूर्वाधार, सम्पत्तिको संरक्षणमा सरकारको ध्यानाकर्षण गराएको बाबुशरण सुवेदीले बताए । 'सात महिनादेखि सञ्चालक परिषद्को बैठक नबसेको विषयमा पनि ध्यानाकर्षण गराइएको छ,' उनले भने, 'परिषद्का अध्यक्ष पर्यटनमन्त्री रहने व्यवस्थाअनुसार हाल मन्त्री बद्री पाण्डेल बैठकसमेत राख्नुभएको छैन ।'

>>> पृष्ठ २ मा

# ओली–विद्या टसलको छायामा विधान महाधिवेशन



"म सिधा भन्छु- आइजिपी भएको मान्छे इन्सपेक्टरमा भर्ना हुन आउँदैन, आउन खोज्छन् भने जनताले कसरी बुझ्छन् त्यसरी नै नेकपा एमालेले जवाफ दिन्छ ।

■ **लालबाबु पण्डित**
**नेता, नेकपा एमाले**



"विद्या भण्डारीले जुन खालको राजनीति गर्ने इच्छा प्रकट गर्नुभएको छ । पार्टीको केन्दीय कमिटीले एउटा फैसला गरेको छ । यो विषय छलफल र संवादबाटै टुंगिन्छ ।

■ **पद्मा अर्याल**
**नेता, नेकपा एमाले**




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० भदौ

पार्टीलाई कस्तो बनाउने भनेर विधि बनाउन भेला भएका नेकपा एमालेका विधान महाधिवेशन प्रतिनिधि नेतृत्वको टसलमा बचाउ र विरोधका प्रस्तुत हुन बाध्य भएका छन् ।

एक व्यक्ति एक पद, नेतृत्वमा उमेरहद र दुईपटक भन्दा बढी अध्यक्ष हुन नपाउनेजस्ता विषयमाथिको छलफल नै ओझेलमा पर्नेगरी उनीहरू नेतृत्वको टसलमा बचाउ र विरोधका प्रस्तुत भइरहेका हुन् ।

प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष केपी शर्मा ओली फेरि पनि नेतृत्वमा दोहोरिन चाहन्छन् । यसका लागि एमालेको प्रचलित विधान बाधक छ । एमालेका ७० वर्ष उमेरहद छ। अध्यक्षमा दुई पटकभन्दा बढी उम्मेदवार हुन नपाउने व्यवस्था छ। यी दुवै व्यवस्था हटाउनेगरी ओलीले यसअघि नै पार्टीको केन्द्रीय समितिबाट निर्णय गराइसकेका छन्। त्यहीअनुसार विधान अधिवेशनबाट विधान बनाउँदै छन् ।

अध्यक्ष ओलीको नेतृत्वमा रहेको निरन्तरताको आकांक्षा पूरा गर्ने प्रयासअन्तर्गत सुरु भएको विधान महाधिवेशनमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सक्रियताले हलचल नै ल्याइदिएको छ ।

भण्डारीले आफू सक्रिय राजनीतिमा फर्किने घोषणा गरेकी मात्र छैनन् । शुक्रबार विधान महाधिवेशन प्रतिनिधिलाई पत्र नै लेखेर वैचारिक दख्खल र संगठन सुदृढीकरणका लागि काम गर्न आह्वान गरेकी छन् । यस्तो अवस्थामा पार्टीलाई कस्तो बनाउने भनेर विधि बनाउन भेला भएका एमालेका विधान महाधिवेशन प्रतिनिधि ओली र विद्याको टसलमा बचाउ र विरोधका प्रस्तुत हुन बाध्य भएका हुन् ।

शुक्रबार अध्यक्ष ओलीका तर्फबाट राजनीतिक प्रतिवेदन प्रस्तुत भएको छ। एमालेका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार

>>> पृष्ठ २ मा

**सरकारको चासोमा परेन 'कर्णाली राजमार्ग'**

# पहिरो र धुलोले नागरिकलाई सास्ती

*बर्खा सुरु भएसँगै यस वर्ष पनि कर्णाली राजमार्ग क्षतविक्षत छ । राजमार्गका विभिन्न स्थानमा खाल्टाखुल्टी छन्, भने कतै पहिरो थुप्रिएको छ ।*



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २० भदौ

कर्णाली राजमार्ग सञ्चालनमा आएको झन्डै दुई दशक बित्न लाग्यो । तर कर्णालीवासीका लागि यो राजमार्ग अझै सुरक्षित जीवनरेखा बन्न सकेको छैन । यसको नामै 'मृत्यु मार्ग' भनेर चिनिनु कर्णालीको पीडाको साक्षी बनेको छ ।

यो राजमार्ग जुम्ला, हुम्ला, कालिकोट, डोल्पा र मुगु गरी पाँच हिमाली जिल्लालाई प्रदेश राजधानी सुर्खेतसँग जोड्ने सडक हो। कहिले धुलाम्य, कहिले हिलाम्य त कहिले पहिरोले पुरिएर यात्रुका लागि निकै कठिन बनेको हुन्छ यो मार्ग ।

बर्खा सुरु भएसँगै यस वर्ष पनि कर्णाली राजमार्ग क्षतविक्षत छ। राजमार्गका विभिन्न स्थानमा खाल्टाखुल्टी छन्, भने कतै पहिरो थुप्रिएको छ । राजमार्ग साँघुरो, हिलाम्य र खाल्टाखुल्टीले सधैं वर्षायाममा नागरिकहरूले सास्ती खेप्दै आइरहेका छन् । नागरिकले जति सास्ती खेपे पनि यो राजमार्ग भने राज्यको उपेक्षामा पर्ने गरेको छ ।

हिउँदमा धुलाम्य बर्खामा हिलाम्य भए पनि राजमार्ग स्तरोन्नति तथा कालोपत्रेका लागि राज्यको ध्यान पुग्न नसकेको कर्णालीवासीको गुनासो छ। कतिपय ठाउँमा कालोपत्रे गरिएको भए पनि साँघुरो र खाल्टाखुल्टीले गर्दा दुर्घटनाको जोखिम उच्च रहेको भन्दै त्यसमा राज्यले छिट्टै ध्यान दिनुपर्ने स्थानीयहरूले बताउँदै आएका छन् । वर्षातमा दैलेख र कालिकोट क्षेत्रका दर्जनौं स्थानमा सडक अवरुद्ध भई सवारी जाममा पर्ने गरेका छन् । सडक डिभिजन कार्यालय सुर्खेतले वीरेन्द्रनगरस्थित बांगेसिमलदेखि दैलेखको दही खोलासम्मको १ सय ३२ किलोमिटर खण्डलाई हेर्छ भने

>>> पृष्ठ २ मा

## सधैं झारो टार्ने प्रयास

प्रत्येक वर्ष बर्खाको समय सुरु हुन नपाउँदै कालीकोटको शुभकालिका-१ गगने खोलामा सडक अवरुद्ध भएर यात्रुलाई सास्ती हुने गरेको छ । बर्सेनि सडक मर्मत गर्न ठेक्का हुने गरे पनि गुणस्तरीय काम नहुँदा पानी पर्नेबित्तिकै पहिरोले सडक अवरुद्ध हुने गरेको स्थानीय बताउँछन् । २०७८ सालको बेमौसमी वर्षाले सडक क्षतविक्षत बनाएपछि गगने खोलामा ३ करोड रुपैयाँमा ग्याबिन जालीसहितको पर्खाल लगाइएको थियो ।

तर एक वर्षमै पहिरोले पर्खाल बगायो र सडक फेरि त्यही हालतमा फर्कियो। यसरी घाम लागे धुलो, पानी परे हिलो हुने कर्णाली राजमार्गको गगने खोलाको पहिरोले सधैं यात्रुलाई सास्ती दिँदै आएको छ। हिउँदभरि सडक मर्मतबारे कुनै पनि चासो नदिने सरकारले बर्खामा पहिरो पन्छाएरै झारो टार्ने काम गरेको कालिकोटका राम परियारको आरोप छ ।

कर्णाली राजमार्गअन्तर्गत सडक डिभिजन कार्यालय सुर्खेतले बांगेसिमलदेखि दही खोलासम्म र त्यसपछिको खण्ड जुम्ला डिभिजनले हेरे पनि दुवै निकायले सडक स्तरोन्नतिको दीर्घकालीन काम

>>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगारीले सांस्कृतिक विचलन पनि बढायो : एमाले

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० भदौ

सत्तारुढ दल नेकपा एमालेले वैदेशिक रोजगारीले मुलुकमा आर्थिक विकासको साथमा सांस्कृतिक विचलन पनि बढाएको निष्कर्ष निकालेको छ । ललितपुरको गोदावारीमा शुक्रबार सुरु भएको दोस्रो विधान महाधिवेशनमा पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमा वैदेशिक रोजगारीले रेमिट्यान्ससँगै सांस्कृतिक विचलन पनि ल्याएको उल्लेख गरिएको छ ।

दस्तावेजमा भनिएको छ, 'वैदेशिक रोजगारीले आर्थिक उत्थानसँगै सांस्कृतिक विचलन पनि ल्याएको छ । आन्तरिक-बाह्य आप्रवासन, बजार अर्थतन्त्रको विस्तार, प्रविधिको सहज पहुँच र बढ्दो चेतनाले समाजलाई गतिशील बनाएको छ।' यसले वर्गीय सम्बन्धमा नयाँ आयाम थपेको भए पनि उत्पादन, स्वामित्व र आय विवरणसम्बन्धी आधारभूत प्रश्नहरू अझै खुला छन् ।

अध्यक्ष ओलीले समाजको कुन-कुन क्षेत्रमा विचलन पैदा भएको हो विस्तृतमा भने प्रतिवेदनमा उल्लेख गरेका छैनन् । विज्ञहरूले वैदेशिक रोजगारले समाजमा परिश्रम गर्ने संस्कार हराएको, देखासिकीमा अनुत्पादक खर्च बढेको, बसाइँसराइ र पारिवारिक विखण्डन भएको बताउने गरेका छन् । अध्यक्ष ओलीको प्रतिवेदनमा त्यस्तो कुनै व्याख्या छैन ।

वैदेशिक रोजगारमा रहेका नेपाली र गैरआवासीय नेपालीले निरन्तर मतदानको माग गरेको

>>> पृष्ठ २ मा

## असुरक्षित वैदेशिक रोजगार र प्रविधिको दुरुपयोगले मानव तस्करीमा वृद्धि

**काठमाडौं/रासस–** पहिला मानव बेचबिखन भन्ने बित्तिकै यौन शोषणका लागि महिलालाई बेचिन्छन् भन्ने थियो, तर अहिले सूचना प्रविधिको विकाससँगै मानव बेचखिनका स्वरूपहरू पनि फेरिएका छन्। अहिले पढे लेखेका महिल/पुरुष पनि बेचिने गरेका छन् ।

मानव अंग बेचबिखन गर्नका लागि पनि मानवको तस्कर हुने गरेको छ । एउटा देशमा काम गर्न लगाइदिन्छु भनेर अर्को देशका लैजाने वा वैदेशिक रोजगारीमा जाने, 'भिजिट भिसा'मा जानेहरू पनि बेचबिखनको जोखिममा पर्ने गरेका छन् । मानव बेचबिखनमा परेर नेपाल फर्कन सफल शक्ति समूहका संस्थापक अध्यक्ष चरीमाया तामाङलाई मानव बेचबिखनको ठूलो सञ्जाल भएको अनुभव छ ।

'सूचना प्रविधिको विकाससँगै मानव बेचबिखनका रुपमा पनि बदलिँदै गएको छ, प्रविधिको सञ्जालीकरणका कारणले अहिले कुनै

>>> पृष्ठ २ मा

**साउदीमा रोजगार**

कम्पनी: SULTAN MOHAMMED AL QAHTANI & SONS TRANSPORT COMPANY शहर: JUBAIL
पूर्व स्वीकृत मितिः २०८२/०५/२० चलानी नं.: ६०२४४५१५ L.T. No.:330792

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ६७,५१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २८ गते (13 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Bridge Sky International Pvt. Ltd.
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाईल : ९८०१०३०५५५ फोन नं. ४९५३३२१, ४९५४९७१, ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np
Gov Lic No: 573/062/063

मध्यान्ह
www.madhyanhadaily.com
२१ भदौ २०८२ शनिबार
6 September 2025 Saturday

# मानव बेचबिखन तथा ओसारपसारविरुद्ध एकजुट हुन आग्रह

दीपकप्रसाद घिमिरे/मध्यान्ह
काठमाडौं, २० भदौ




मानव बेचबिखन तथा ओसार पसारविरुद्ध हरेक स्थानीय तहदेखि राजनीतिक दलका कार्यकर्ता, नागरिक समाज र सचेत नागरिकलाई एकजुट भइ काम गर्न उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले आग्रह गरेका छन् ।

मानव बेचबिखनविरुद्धको १९औं राष्ट्रिय दिवसको अवसरमा आयोजित मूल समारोहलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री सिंहले यस अपराधलाई सामाजिक कलंकका रूपमा लिँदै रोकथाम, उद्धार, पुनःस्थापना तथा पुनर्मिलनका लागि नेपाल सरकार गम्भीरतापूर्वक लागिपरेको जानकारी दिए ।

उनले विश्वभर पाँच करोड मानिस अझै आधुनिक दासत्वमा जीवन बिताइरहेको तथ्य प्रस्तुत गर्दै नेपाल सरकारले रोजगारी र स्वरोजगार मुखी सीप विकास, वित्तीय पहुँच र आर्थिक सशक्तीकरणमार्फत पीडितलाई आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको उल्लेख गरे ।

सोही कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडिले मानव बेचबिखन अन्त्यका लागि तीनै तहका सरकार, नागरिक समाज र सचेत नागरिकबीचको सहकार्य अपरिहार्य भएको बताए । उनले २०६३ सालदेखि नेपाल सरकारले भदौ २० गतेलाई मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवसका रूपमा मनाउँदै आएको जानकारी दिए ।

उनले मानव बेचविखन तथा ओसारपसारका क्षेत्रमा निरन्तर योगदान पुऱ्याउने सरकारी तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, पीडित प्रभावित, सामाजिक अभियन्तालगायतमा कृतज्ञता ज्ञापन गरे ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले गरिबी र अवसरको कमीका कारण बेचबिखनका घटना बढिरहेको बताउँदै जोखिमयुक्त क्षेत्र र समुदायको पहिचान गरी सचेतनामूलक काम गर्नुपर्नेमा जोड दिए ।

उनले सन् २००५ देखि मानव बेचबिखन बिरुद्ध काम गर्दै वार्षिक प्रतिवेदन प्रकाशित गर्दै सरकारलाई सिफारिस गर्दै आएकोमा मानव बेचबिखन गर्न नदिन जोखिम युक्त क्षेत्रको पहिचान, जोखिममा परेकालाई उद्धार, जीविकोपार्जन र सामाजिक पुर्नमिलन गर्नु पर्ने सरकारलाई सुझाव दिएको बताए ।

अध्यक्ष मगरले मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य अपराधलाई जरैदेखि उन्मूलन गर्न, पीडितलाई उचित न्याय दिलाउन र पीडकलाई कानूनी दायरामा ल्याउन कानून निर्माण तथा परिमार्जन गर्न संस्थागत संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिरहेको भएपनि मानब बेचबिखनका घटना भइरहेको प्रति चिन्ता व्यक्त गरे ।

कार्यक्रममा राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला कुमारी पराजुलीले प्रविधिको दुरुपयोग र सडक मार्गका कारण बेचबिखनका नयाँ स्वरूप देखिएको उल्लेख गर्दै राज्यले आर्थिक सशक्तीकरणतर्फ विशेष ध्यान दिनुपर्ने बताइन् ।

उनले मानब बेचबिखन तथा ओसार पसारको अन्त्य गर्न नेपाल सरकारका उपप्रधान तथा सहरी विकास मन्त्री प्रकाशमान सिंहको ध्यानाकर्षण गर्दै यो अपराध हुनुको कारण सचतनाबाट मात्र नपुग्ने भएकोले गरिबीको अन्त्यका आर्थिक सबलीकरण र सशक्तिकरणका लागि परिणममुखी काम गर्नु पर्नेमा जोड दिइन् ।

एडविनका अध्यक्ष तारा भण्डारीले सन् १९९७ देखि क्रियाशील सञ्जालले मानव बेचबिखन बिरुद्ध निरन्तर काम गर्दै आएको स्मरण गर्दै तीनै तहमा मानब बेचबिखनबिरुद्धको काम गर्न आवश्यक बजेटको व्यवस्था गर्नु पर्ने खाँचो औंल्याउँदै सरकारी तथा गैरसरकारी निकायबीचको सहकार्यमा एकजुट भएर अघि बढ्नु पर्नेमा जोड दिइन् ।

मानब बेचबिखन तथा ओसारपसार प्रभावितको क्षेत्रमा कार्यरत संस्थाका शान्ति फाउण्डेसनका अध्यक्ष सन्जमाया तामाङले आफू सन् १९९६ मा १३ वर्षको उमेरमा गरिबीका कारण काठमाडौंमा गलैचा बुन्न आएकोमा आफन्तबाटै बेचबिखनमा परेको अवस्थामा भारतबाट उद्धार गरी नेपाल ल्याइएपछि पीडित प्रभावितहरुको आवाजलाई संगठित गर्दै आएको स्मरण गर्दै नेपाल सरकारबाट सम्मानित हुँदा अझ जिम्मेवारी थपिएको बताइन् । यस अवसरमा मानव बेचबिखन तथा ओसारपसार रोकथाममा योगदान पुऱ्याउने विभिन्न संस्था, सुरक्षाकर्मी र व्यक्तित्वलाई सम्मान गरिएको थियो ।

## 'न्यायालयको काम कानुनी शासनको रक्षा गर्नु नै हो'

**काठमाडौं/मस-** प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले नेपाल-भारत दुवै देशको न्यायालयको मूल काम मानवअधिकारको रक्षा, समानता प्रवर्द्धन र कानुनी शासनको रक्षा गर्नु भएको बताएका छन् ।

सर्वोच्च अदालतद्वारा आयोजित 'नेपाल-भारत न्यायिक संवाद-२०२५' मा प्रधानन्यायाधीश राउतले सामाजिक समानता, जलवायु परिर्वतन आदिजस्ता विषयहरू नेपाल र भारतका साझा कानुनी विषय भएको बताए ।

'नेपाल र भारतले साझा कानुनी परम्परा साझा गरेको हुनाले, वर्षौंदेखि नेपाली कानुनी र न्यायिक समुदायहरूसँग निरन्तर सहकार्य गर्दै आएका छौं', उनले भने, 'नेपाल-भारतबीच न्यायिक सहयोग हुँदै आएको छ, कानुन र न्यायका विभिन्न आयामहरूमा एकअर्कालाई सफलतापूर्वक सहयोग गर्दै आएका छौं ।'

प्रधानन्यायाधीश राउतले नेपालले अहिले नयाँ पुस्ताका कानुनी चुनौतीहरूको सामना गरिरहेको उल्लेख गरे । सो चुनौतीहरुमा साइबर अपराध, उपभोक्ता संरक्षणदेखि वातावरणीय ह्रास, जलवायु परिवर्तन, लैङ्गिक न्याय र आदिवासी तथा सीमान्तकृत समुदायको अधिकार रहेको बताए ।

## राष्ट्रिय हरियाली मधेशी संगठनको नयाँ नेतृत्वमा ठाकुर



**दोहा कतार/मस-** राष्ट्रिय हरियाली उद्देश्यका लागि मधेशी संगठनको दोस्रो महाधिवेशन सम्पन्न भएको छ ।

संगठनका अध्यक्ष विश्वेश्वर प्रसाद यादवको सभाध्यक्षता तथा गैरआवासिय नेपाली संघ कतारका अध्यक्ष कृष्ण पन्थीको प्रमुख आतिथ्यतामा सम्पन्न महाधिवेशनको बन्द सत्रबाट प्रदीप कुमार ठाकुरको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । कार्यसमितिको प्रथम उपाध्यक्षमा देवेन्द्र कुमार ठाकुर, द्धितीय उपाध्यक्षमा राजकुमार ठाकुर, महासचिव रामनाथ नायक, सचिवद्वय चन्द्रा मण्डल र बिन्देश्वर ठाकुर, कोषाध्यक्ष विजय कुमार राउत, सहकोषाध्यक्ष राजा शाह रहेका छन् । त्यस्तै सदस्यहरूमा श्याम शाह तेली, राम आशिष यादव, देवेन्द्र ठाकुर बटेश्वर, शिव प्रताप शाह, चन्द्रदिप यादव, विनोद पासवान, राम नारायण प्रसाद राउत रहेका छन् ।

बन्द सत्रबाट प्रमुख सल्लाहकारहरूमा विश्वेश्वर प्रसाद यादव चयन भएका छन् भने सल्लाहकारहरुमा राम अधिन यादव, पवन कुमार ठाकुर, राम हृदय शाह, कमलेश महतो र ई. वीरेन्द्र शाह चयन भएका छन् ।

महाधिवेशनको खुल्ला सत्रमा कतारमा स्थापित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा बोल्ने वक्ताहरूले हरियाली समाजमा सबै नेपाली आबद्ध हुन आवश्यक रहेको बताए । वक्ताहरूले भर्खर मात्र तराईको खडेरीप्रति लक्षित गर्दै पर्यावरणीय आवश्यकतामाथि आफ्ना विचारहरू राखेका थिए ।

महाधिवेशनलाई सम्बोधन गर्दै प्रमुख अतिथि पन्थीले सारा नेपालीले गर्नुपर्ने काम कुनै संगठनले गरिरहेकोमा खुसी व्यक्त गर्दै प्रशंसा गरे । उनले निवर्तमान कार्यसमितिले प्रशंसनीय कार्य गरेको बताउँदै एनसीसीसँग सहकार्य गरेर अगाडि बढ्न आग्रह गर्दै एनसीसी सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले एनसीसीले विगतमा वृक्षारोपण गर्न कतारको सम्बन्धित निकायसँग अनुमति प्रदान गर्न माग गरेको हुँदा अनुमति मिल्ने बित्तिकै वृक्षारोपण गर्ने र उक्त कार्यक्रममा हरियालीसँगै सहकार्य गर्ने बताए । कतारमा गत जुलाईदेखि दुई धारमा बगेका एनसीसीमध्ये अर्को एनसीसीप्रति लक्षित गर्दै पन्थीले आफूहरूले सहकार्य गरेका कतारका कतिपय आन्तरिक तथा बाह्य निकायमा अर्को पक्षले फोन गरेर आफू मात्र वैधानिक रहेको दाबी गर्ने गरेको प्रति दुःख व्यक्त गरे । उनले प्रतिस्पर्धा यहाँका विभागमा जान हैन श्रमिकका समस्या समाधान गर्नतिर लाग्न सुझाव दिँदै श्रमिकका हकहितमा एकजुट हुन समेत आग्रह गरे ।

### नापीमा...

पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का सदस्यहरूले कोषको कार्यप्रणाली साथै देखेभोगेका बेथिति औंल्याउँदै विभिन्न बुँदामा पर्यटनमन्त्रीदेखि प्रधानमन्त्रीसम्मको ध्यानाकर्षण गराएका परिषदका सदस्य बताउँछन् । गुरुयोजना कार्यान्वयनको अभावदेखि आर्थिक र प्रशासनिक बेथितिसम्मका मुद्दा उजागर गरिए पनि त्यसको सुनुवाइ नभएको सदस्यहरूको गुनासो छ ।

सञ्चालक सदस्यमा नियुक्ति भएपछि आफूहरूले देखेका, भोगेका, सुनेका र महसुस गरेका घटना, परिस्थिति र अवस्थामध्ये केही प्रतिनिधिमूलक विषय मात्र समेटेको भन्दै उनीहरूले व्यवस्थापनको मार्गनिर्देशका लागि कोषका संरक्षकसमेत रहेका प्रधानमन्त्रीको ध्यानाकर्षण गरेको अर्का एक सदस्य डा. भरतप्रसाद बडालले बताए । त्यस्तै, कोषका सदस्यहरूको सामूहिक असन्तुष्टिबारे रामेश्वर संगतले कार्ययोजना निर्माणसँगै निर्णय प्रक्रियामा सदस्यलाई संलग्न नगराएकैले पाशुपत क्षेत्र भद्रगोल बन्दै गरेको बताए ।

'कम्तीमा कोषबाट हुने काम र पशुपति क्षेत्रका योजनाबारे गरिने निर्णयमा सदस्यहरूको समेत अपनत्व हुनेगरी सामूहिक छलफल बहस गर्ने हो भने धेरै समस्या समाधान हुन्छ । यहाँ त प्रस्ताव तथा निर्णयहरूमा स्वार्थ गाँसिन्छ । त्यसको कार्यान्वयनमा सबै सदस्यहरूले कसरी सघाउने ?,' संगतले भने ।

कर्मचारी प्रशासनमा देखिएका विकृति, कर्मचारी सेवा सर्त तथा सुविधासम्बन्धी नियमावली पुरानो भएकाले संवैधानिक व्यवस्थासँग मेल नखाएको र अस्थायी तथा करारमा कर्मचारी भर्ना प्रक्रियामा भएको अनियमितताबारे समेत सरकारलाई जानकारी गराइएको पत्रमा उल्लेख छ ।

त्यस्तै, निर्णय प्रक्रियामा पारदर्शिताको अभाव, जानकारीमा पहुँचको कमी र विगतका निर्णय कार्यान्वयन नभएकोमा सदस्यहरूले चिन्ता व्यक्त गरेका छन् । मन्त्री र प्रधानमन्त्रीलाई बुझाएको प्रतिवेदनले कोषको सुशासन र प्रभावकारी व्यवस्थापनका लागि तत्काल कदम चाल्न ध्यानाकर्षण गराएको छ । तर सरकारले सो प्रतिवेदनको विषयमा खासै चासो नदिएको सरोकारवालाले गुनासो गरेका छन् । यसअघि पनि कोषका पदाधिकारीले पाउने १ सय ३५ लिटर तेल र गाडी सुविधा कोषको काममा भन्दा पनि आफ्नो व्यक्तिगत तथा पारिवारिक घुमघाममा प्रयोग गर्ने गरेको घटना बाहिरिएको थियो । कोषभित्र हुने गरेका अनियमितता र बेथितिलाई रोक्न पर्यटनमन्त्रीले नै ठोस कदम चाल्नुपर्ने सरोकारवालाको सुझाव छ ।

### ओली-विद्या...

राजनीतिक प्रतिवेदनमा समाज कसरी विकास हुँदै आयो, अहिलेको वर्तमान समाजको चरित्र कस्तो छ, एमालेको आगामी नीति के हुने भनेर व्याख्या गरिएको छ । साथै नेपालमा हाल रहेका राजनीतिक दलहरूप्रति हेर्ने दृष्टिकोणलाई समेत अध्यक्ष ओलीले आफ्नो राजनीतिक प्रतिवेदनमा समावेश गरेका छन् ।

'राजनीतिक प्रतिवेदनमा कम्युनिस्ट आन्दोलन र नेपालमा हाल रहेका राजनीतिक दलहरूको चरित्र केलाइएको छ । नयाँ र क्षेत्रीय दलले राष्ट्रिय दृष्टिकोण बनाउन नसकेकोलगायतका विषय समावेश छन्,' उनले भनेका छन् ।

नेकपा एमालेका नेता लालबाबु पण्डितका अनुसार पूर्वराष्ट्रपति भण्डारीको सदस्यता नवीकरणको विषयमा छलफल नहुन सक्छ । उनले पत्रकारहरूसँग भनेका छन्, 'म सिधा भन्छु- आइजिपी भएको मान्छे इन्सपेक्टरमा भर्ना हुन आउँदैन, आउन खोज्छन् भने जनताले कसरी बुझ्छन् त्यसरी नै नेकपा एमालेले जवाफ दिन्छ ।'

नेकपा एमालेकी नेता पद्मा अर्याल भने भण्डारीका सम्बन्धमा शीर्ष तहमा छलफल हुने जवाफ फर्काउँछिन् ।

पार्टीमा विभिन्न कोणबाट छलफल हुनु स्वाभाविक रहेको बताउँछिन् ।

'विद्या भण्डारीले जुन खालको राजनीति गर्ने इच्छा प्रकट गर्नुभएको छ । पार्टीको केन्दीय कमिटीले एउटा फैसला गरेको छ,' उनी भन्छिन्, 'यस्ता समस्या हामीले विगतमा पनि छलफल र संवादबाटै टुंग्याएका छौं । अब टुंग्याउने विधि पनि छलफल र संवादबाटै हो ।'

### पहिरो...

त्यहाँभन्दा माथि जुम्लासम्मको १ सय ४ किलोमिटर खण्ड सडक डिभिजन जुम्लाले हेर्दै आएको छ। तर दुवै निकायले सडक स्तरोन्नति तथा कालोपत्रे गर्नतर्फ ध्यान दिन सकेका छैनन् ।

यो वर्षको बर्खा सुरु भएपछि कालीकोटको शुभकालिका-१ गगने खोलामा मात्रै असार र साउन महिनामा ३२ पटक पहिरोले सडक रोकिएको छ । हुल्म, ताडी, मोल्फा, गाल्जेसम्म जोड्दा मात्र यस बर्खामा ३० पटकभन्दा बढी राजमार्ग ठप्प भएको तथ्यांक छ । भदौ १४ गते गगने खोलामा गएको ठुलो पहिरो हटाउन नेपाली सेनाले समेत ढुंगा ब्लास्ट गरेर सडक खुलाउनुपरेको थियो ।

तर सडक सुचारु भएको ५ घण्टामै अर्को पहिरोले फेरि यातायात रोकेको थियो । यसरी बारम्बार सडक रोकिँदा यात्रुवाहक बसदेखि मालवाहक ट्रकसम्म अलपत्र पर्छन् जसले यात्रुले बाटोमै बस्नुपर्ने अवस्था आएको छ ।

### सधैं...

अघि बढाउन सकेका छैनन् । कालिकोटका सुशीला परियारले सरकारले अरूबेला ध्यान नदिएर बर्खा लागेपछि मात्रै 'झारो टार्ने' शैलीमा काम गर्ने गरेको आरोप लगाइन् । उनले भनिन् 'अरू समयमा सरकार चुप लाग्छ । बर्खामा मात्र पहिरो पन्छाएर काम सकिन्छ । यो स्थायी समाधान होइन ।'

सडक स्तरोन्नति गर्ने बारे बुझ्न कर्णाली सरकार भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढालाई सम्पर्क गर्दा उनले आफू कार्यक्रममा भएको जवाफ दिए । यता, सडक डिभिजन कार्यालय जुम्ला इन्जिनियर सौरभकुमार सिंहले आफूहरूसँग बजेट नहुँदा पहिरो पन्छाउनेबाहेक अरू काम गर्न नसकेको बताए ।

सिंहले भने, 'हामीसँग स्तरोन्नति गर्ने बजेट छैन । त्यसैले पहिरो पन्छाउने काम बाहेक अरू गर्न सक्दैनौं । तर गगने खोलामा पुल बनाउन सकियो भने समस्या धेरै हदसम्म घट्छ ।' उनका अनुसार डिभिजनले आपतकालीन कामका लागि दुईवटा मेसिन तयारी अवस्थामा राखेको छ । इन्जिनियर सिंहले प्रदेश र संघीय सरकारले बजेट विनियोजन गरेर सडक स्तरोन्नति गर्नुपर्ने बताए । उनले गगने खोलामा पुल बनाउन सकेमा यस्तो समस्या बारम्बार नआउने बताए । इन्जिनियर सिंहले सरकारले बजेट विनियोजन गरेर सडक स्तरोन्नति गर्नुपर्ने बताए ।

### वैदेशिक...

भएपनि प्रतिवेदन त्यसमा मौन छ । प्रतिवेदनमा ७६ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको विप्रेषण आय गरेको भन्दै विप्रेषणले निरपेक्ष गरिबी २६ वर्षको अवधिमा ४२ प्रतिशबाट २० दशमलव ३ प्रतिशतमा झार्न सघाएको उल्लेख छ ।

वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण पनि गरिबको तुलनामा धनी परिवारले ३ दशमलव ३ गुणा बढी पाउने गरेका कारण वर्गीय भिन्नता कायम राखेको अध्यक्ष ओलीको निष्कर्ष छ । प्रतिवेदनमा भनिएको छ, 'सही सूचनाको अभाव, खर्च व्यवस्थापनमा कठिनाइ र सीपको अभावमा बाह्य रोजगारीमा जान नसक्ने या गए पनि जोखिमपूर्ण काम गर्न बाध्य हुने अवस्था देखिएको छ ।'

### असुरक्षित...

सिमाना छैन,' तामाङले भनिन्, 'मानवलाई प्रविधिको सञ्जालको चक्रब्यूहमा पारेर बेचबिखन हुने गरेको छ, दलालले जालो फैलाएको छ, दुश्चक्रभित्र मानवहरू परेर बेचबिखन भइरहेको छ ।'

चरीमायालाई पनि पहिला यौन शोषणका लागि मात्रै बेचबिखन हुने भए पनि अहिले एउटा मात्रै तरिका वा उद्देश्यले मानव बेचबिखन हुन नगरेको अनुभव छ । 'विगतमा गरिबका छोराछोरी बेचबिखनमा पर्ने थिए, पढ्ने अवसर नपाएका, अबोध छोरीहरू बेचिन्थे,' तामाङले भनिन्, 'अहिले दलालमार्फत मात्र होइन, प्रविधिमार्फत जोडिन्छन्, नेपालभित्र र बाहिर बेचबिखन भइरहेको छ ।'

२०५३ साउन ७ गते नेपाल आउन सफल भएकी शक्ति समूहका संस्थापक अध्यक्ष तामाङ १ सय २८ नेपाली चेली भारतबाट स्वदेश ल्याउँदा नेपाल फर्कन सफल भएकी थिइन् । सरकार २०५३ साउन ४ गते सय र सोही वर्षको साउनमा २८ जना स्वदेश फिर्ता गर्न सफल भएको थियो ।

'बेचिएर फर्कने महिलामध्ये एक म थिएँ, त्यो फर्कन पाएकामा धेरै खुसी लागेको थियो,' उनले त्यो पीडादायी क्षण सम्झँदै भनिन्, 'बेच्ने दलाललाई कारबाही गर्नुपर्छ, कुनै पनि नेपाली छोरीहरू बेचिनु हुँदैन भनेर आफ्नो जीवनी प्रस्तुत गरेर सचेतना गराउने काममा लागिरहेको छु ।'

चरीमायालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को प्रथम संशोधन विधेयक, २०८१ सदनमा विचाराधीन रहेको ऐन चाँडो पास गरेर तीन तहकै सरकारले यस विषयमा काम गर्नुपर्छ भन्ने लागेको छ । 'मानव बेचबिखनले डरलाग्दो रुप लिइरहेको छ, यो ऐन छिटो ल्याएर तीन तहकै सरकारले काम गर्नुपर्छ,' उनले भनिन्, 'कुनै पनि तरिकाले मानवको बेचबिखन हुनु हुँदैन ।'

यो ऐन संशोधन भएर आएमा संघीयताअनुरुप तीनै तहका सरकारको जिम्मेवारीभित्र मानव तस्कर रोक्नु पनि हुनेछ । नेपाल सरकारले संयुक्त राष्ट्रसंघमा हस्ताक्षर गरेअनुसार कानुन बन्छ । सरकारले कार्यान्वयन गरेको देखिन्छ । कानुनले धेरै हदसम्म मानव बेचबिखन रोकथाममा सहयोग गर्ने बताउँदै तामाङले थपिन्, 'मानव अंग कानुन विपरीत प्रत्यारोपण, मानव बेचबिखनमा यौन शोषण, श्रम शोषण, धेरै कुराको अन्य हुन्छ ।'

चरीमायाले २०५४ सालमा शक्ति समूह नै सञ्चालन गरेर काम गरिरहेकी छन् । अहिले शक्ति समूहले दुई हजारभन्दा बढीलाई 'सेल्टर' नै दिएर राखिरहेको छ । 'कुनै सरकारले सिफारिस गरेको, कोही प्रहरीको सहयोगमा उद्धार गरेको, कोही भागेर आएका हुन्छन्,' तामाङले भनिन्, 'नेपालभित्र, भारतको विभिन्न सहर, दुबईलगायतका स्थानमा आएका छन्, सेल्टरमा गाँस, बास र कपासको व्यवस्था गरेर शारीरिक तथा मानसिक स्वास्थ्य हेर्छौं ।'

सो संस्थाले बेचबिखनमा परेका व्यक्तिलाई ल्याउने मात्रै होइन । पारिवारिक अवस्था पहिचान गर्छ । परिवारमा सम्पर्क गरेर पारिवारिक मिलन गराउने काम गर्छ । 'घर पठाइसकेपछि पनि दुई वर्षसम्म सम्पर्कमा रहन्छौं,' तामाङले भनिन्, 'वातावरण सहज भए/नभएको अध्ययन गर्छौं, सबै हेरेर ढुक्क भएपछि मात्रै परिवारमा छाड्छौं ।'

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को प्रथम संशोधन, २०८१ प्रतिनिधिसभामा दर्ता भएको थियो। अहिले कानुन तथा मानव अधिकार समितिमा छलफल भइरहेको छ । भिजिट भिसामा गएका मानिसहरू पनि बेचबिखनमा पर्ने गरेको, वैदेशिक रोजगारीमा जाँदा एउटा काममा पठाएको दलालले अर्को काममा अर्कै ठाउँमा पठाउने गर्दा मानिस अलपत्र परेर पनि बेचबिखनमा पर्ने गरेको पाइएको छ ।

राज्यका निर्देशक सिद्धान्त नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिका सभापति ठाकुरप्रसाद गैरेले उक्त विधेयकमा धेरै विषयमा संशोधन परिसकेको र छलफल भइरहेको बताए । 'प्रतिनिधिसभामा दर्ता भएर अहिले प्रतिनिधिसभाको कानुन तथा मानवअधिकार समितिमा छ, संशोधन पनि परेको छ,' उनले भने, 'विधेयकमा बाल सुधारगृह मर्यादाभित्र राख्ने कुरा छ, अहिले १८ वर्षभन्दा माथिका पनि बालगृहमा छन् बालबालिका बेचबिखन रोक्ने, बालश्रम रोकथाम राख्ने, अङ्ग बेच्ने, श्रम शोषण, यौन कार्यमा लगाउने, देशबाहिर बालबालिका ओसारपसार गरेर गलत काममा लगाउने विषय कानुनले धेरै हदसम्म रोक लगाउँछ ।'

'तीनै तहका सरकार मिली गरौं हातेमालोः मानव बेचबिखनको हटाऔं दुश्चक्रको जालो' भन्ने नाराका साथ १९औं मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस, २०८२ शुक्रबार देशभर मनाइएको छ । सन् २००२ मा काठमाडौंमा सम्पन्न दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को ११औं शिखर सम्मेलनबाट पारित महिला तथा बालबालिका बेचबिखनविरुद्धको सार्क महासन्धि २००२ लाई २०६३ मात्र २० गते तत्कालीन प्रतिनिधिसभाबाट अनुमोदन गरिएको दिनलाई स्मरण गर्दै नेपाल सरकारले हरेक वर्ष भदौ २० गतेलाई मानव बेचबिखनबिरुद्धको राष्ट्रिय दिवस मनाउन सुरु गरेको हो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह (सुडी)ले मानव बेचबिखन तथा ओसारपसार एक जघन्य अपराध भएको र यो सामाजिक रुपमा निन्दनीय, कानुनी रुपमा दण्डनीय भएको बताए। 'समाजको कलंकका रुपमा रहेको यस जघन्य अपराधको रोकयाम र नियन्त्रण गर्नाका साथै मानव बेचबिखन तथा ओसारपसार पीडित तथा प्रभावितहरूको उद्धार, पुनःस्थापना, मनोपरामर्श सेवा तथा कानुनी उपचारका लागि नेपाल सरकारद्वारा विभिन्न कानुनी, संरचनागत र संस्थागत प्रयासहरू भइरहेका छन्,' मन्त्री सुडीले भने, 'मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य अपराधलाई जरैदेखि उन्मूलन गर्न, पीडितलाई उचित न्याय दिलाउन र पीडकलाई कानुनी दायरामा ल्याउन सकियोस् भन्ने उद्देश्य छ ।'

नेपाल सरकारले राष्ट्रिय तथा अन्तरराष्ट्रिय सन्धि, महासन्धि, सम्झौताहरूलाई अनुमोदन गरी सोही बमोजिम कानुन निर्माण तया परिमार्जन गर्न संस्थागत संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिरहेको उनको भनाइ छ । मन्त्री सुडीले भने, 'मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन संशोधनका लागि व्यवस्थापिका-संसद्मा विचाराधीन रहेको छभने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नीतिको मस्यौदा छिट्टै मन्त्रिपरिषद्मा पेस गर्ने तयारीमा रहेको कुरा जानकारी गराउन चाहन्छु ।'

नेपालमा मानव बेचबिखन रोकथाम तथा पीडितको उद्धारमा नीतिगत सुधार, तथ्यांकमा आधारित रणनीति, सीमा क्षेत्र सुरक्षाको व्यवस्था, उद्धार अभियान र नागरिक-समाजको सक्रियता जरुरी भएको अभियन्ताहरूको भनाइ छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा मानव बेचबिखन तथा ओसारपसार भन्नाले कुनै पनि उद्देश्यले मानिस किन्ने वा बेच्ने, फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, कानुनबमोजिम बाहेक मानिसको अंग झिक्ने, वेश्यागमन गर्ने भन्ने रहेको छ ।

संयुक्त राष्ट्रसंघका अनुसार मानव बेचबिखन भन्नाले शक्ति वा बल प्रयोग गरेर, धोका वा जबर्जस्ती वा अन्य कुनै माध्यमद्वारा व्यक्तिको स्वीकृति बिना, मानिसहरूलाई बेच्ने वा किन्ने, ओसारपसार गर्ने, बन्दक वा स्वीकृति दिने कार्य हो । यसको उद्देश्य जबर्जस्ती मजदुरी, यौन शोषण, अंगको कारोबार वा अन्य कुनै अवैध काम गराउनु हो । यस अपराधले प्रमुख रूपमा महिलाहरू र बालबालिकाहरूलाई असर गर्छ । जो धेरैजसो यौन शोषण र जबर्जस्ती मजदुरीको सिकार हुन्छन् ।

मनोरञ्जनात्मक क्षेत्रमा धेरै पैसा कमाई हुने प्रलोभन देखाएर, यौन शोषणका लागि हुने बेचबिखन, घरेलु काम तथा कारखानामा हुने श्रम शोषण, अवैध मानव अंग प्रत्यारोपण, धर्मपुत्र-धर्मपुत्री बनाउने बहानामा हुने बेचबिखन हुने गरेको छ। वैदेशिक रोजगारीको 'ट्रान्जिट' भारत हुँदै तेस्रो मुलुक जाने क्रममा बेचबिखनमा परेका छन् ।

कानुनअनुरुप विवाह गरेर हुने बेचबिखन, उच्च शिक्षाका लागि विदेश लैजाने नाममा सामाजिक, पारिवारिक तथा रोजगारीको क्षेत्रमा भोग्नु परेका समस्याका कारण सामाजिक लाञ्छना तथा बहिष्कारमा पर्नुपरेको अवस्था छ। मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को अनुसार मानिस किन्ने/बेच्ने कार्यमा संलग्नलाई २० वर्ष कैद र दुई लाख रुपैयाँ जरिवाना हुने व्यवस्था रहेको छ ।

त्यस्तै, सो ऐनमा वेश्यावृत्तिमा लगाउनेलाई १०-१५ वर्ष कैद र ५० हजारदेखि एक लाख रुपैयाँ जरिवाना, अंग झिक्नेलाई १० वर्ष कैद र रु दुई लाखदेखि रु पाँच लाख जरिवानाको व्यवस्था रहेको छ । त्यस्तै, वेश्यागमन गर्नेलाई तीन महिना कैद र रु दुई हजारदेखि पाँच हजारसम्म जरिवाना हुने व्यवस्था रहेको छ । सार्वजनिक पदधारण गरेको व्यक्तिको हकमा २५ प्रतिशत थप सजाय लाग्नेछ भनी व्यवस्था गरेको छ ।

**साउदीमा रोजगार**
कम्पनी: M.S. AL SUWAIDI INDUSTRIAL SERVICES CO. LTD — शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०८२/०५/२० — चलानी नं.: ६०२४४५३० — L.T. No.:330810

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load And Unload Labour | 15 | 0 | स. काममा दक्ष | 1000 | ३७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २८ गते (13 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ANJULIMA INT'L — People. Factor. Perspective
**ANJULIMA INTERNATIONAL PVT. LTD.** — श्रम इजाजत नं. ७७४/०६५/०६६
Post Box No: 23251, Kalimatidol, Airpot, Kathmandu, Tel No: 4573100, 4573300, 4588369
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

# समयमै गुणस्तरीय काम गर्न गृहमन्त्रीको निर्देशन



**कञ्चनपुर/मस–** गृहमन्त्री रमेश लेखकले निर्माण व्यवसायीहरुले पूर्वाधार निर्माण गुणस्तरीयका साथै समयमै काम सम्पन्न गर्नुपर्ने बताएका छन् ।

शुक्रबार आयोजिक निर्माण व्यवसायी संघको २८औँ साधारणसभा एवं १५औँ अधिवेशनलाई सम्बोधन गर्दै गृहमन्त्री लेखकले समयमै विकास निर्माणका काम सम्पन्न नहुँदा आयोजनाको लागत बढेको बताए ।

'निर्माण व्यवसायीहरुले समयमा गुणस्तरीय काम सम्पन्न गर्नुपर्छ, शान्तिसुरक्षाको व्यवस्था सरकारले गर्छ,' उनले भने, 'निर्माण व्यवसायको क्षेत्रमा देखिएका समस्या समाधानमा सरकार लाग्छ ।' उनले कुनै पनि सार्वजनिक काममा अशान्ति हुन नहुने उल्लेख गर्दै देशभरिका विकास निर्माणका काममा चन्दा असुली गर्ने, धम्क्याउने जस्ता गतिविधि सरकारले सहन गर्न नसक्ने बताए ।

पछिल्लो समय निर्माण व्यवसायको क्षेत्रमा गुणस्तरीय काम हुन नसक्नु र समयमै काम हुन नसक्ने समस्या देखिएकाले यसको समाधानमा लाग्नुपर्नेमा गृहमन्त्री लेखकले जोड दिए । 'भौतिक पूर्वाधारका काममा गुणस्तरीयता आवश्यक छ, गुणस्तरीय काम हुन सकेन भने राज्यको अर्थको अपवेय हुन्छ, नागरिकले ठीक ढङ्गले सेवा लिन सक्दैनन,' गृहमन्त्री लेखकले भने, 'समयमै काम सम्पन्न नहुँदा आयोजनाको मूल्य बढ्दै गएको छ, अहिले एउटै आयोजनाको २०० प्रतिशतसम्म मूल्य अभिवृद्धि भएको छ ।' यसमा निर्माण व्यवसायी मात्रै दोषी नभएको उनको भनाइ थियो ।

गृहमन्त्री लेखकले राष्ट्रिय निर्माण क्षमताको अभिवृद्धि गर्नुपर्ने बताए । विकास निर्माण र भौतिक निर्माणको क्षेत्रमा काम गर्ने सबै निकायलाई राम्रो गर्दै जानुपर्ने उनले बताए । 'सरकारी निकायको पनि पूर्ण रुपले क्षमता वृद्धि भएको छैन,' उनले भने, 'सरकारी र गैरसरकारी निर्माणसँग सम्बन्धित संस्थाहरुको क्षमता वृद्धि भए मात्रै राष्ट्र निर्माणको आधार तयार गर्न सकिन्छ ।'

वर्तमान सरकारको प्राथमिकतामा नीतिगत सुधार, कानुनी सुधार, सुशासन र दण्डहीनताको अन्त्य गरी विकास निर्माणलाई द्रुतगतिमा अगाडि बढाउने रहेको गृहमन्त्री लेखकले बताए । वर्तमान सरकार अर्थतन्त्रलाई लयमा ल्याउने उद्देश्यका साथ काम गरिहेको उनको भनाइ थियो ।

'यो सबै कुराको पूर्वसर्त स्थायी सरकार हो, त्यसकारण दुई ठूला पार्टी मिलेर स्थायी सरकार बनेको छ,' उनले भने, 'अहिलेको सरकारले नीतिगत र कानुनी सुधारलाई प्राथमिकताका साथ काम गरिरहेको छ ।' निर्माण व्यवसायीहरुलाई निर्धक्कसँग विकास निमार्णका काम गर्न गृहमन्त्री लेखकले आग्रह गरे । वर्तमान सरकारले निर्माण व्यवसायीहरुलाई वर्षौंदेखि तिर्न बाँकी रहेको ३५ अर्ब रकम भुक्तानी गरिरहेको सो अवसरमा उनले जानकारी दिए ।

# 'स्थानीय सरकारलाई प्रभावकारी बनाउन आवश्यक'



**काठमाडौं/मस–** संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले संघीयता कार्यान्वयनको चरणमा देखिएका चुनौतीहरू समाधान गर्दै स्थानीय सरकारलाई अझै शक्तिशाली र प्रभावकारी बनाउनुपर्ने बताएकी छन् ।

शुक्रबार काठमाडौंमा आयोजित 'गाउँगाउँमा सिंहदरबार' नामक पुस्तक विमोचन कार्यक्रममा बोल्दै उनले संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकारको पूर्ण कार्यान्वयन गर्दै स्थानीय तहलाई प्रभावकारी बनाउनुपर्ने बताइन् ।

उनले अहिलेको अवस्थामा संघीयता पूर्णरुपमा कार्यान्वयन भइनसकेको उल्लेख गर्दै अझै केही समय लाग्ने स्पष्ट पारिन् । उनले संविधान जारी भएपछि भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य र खानेपानीको क्षेत्रमा उल्लेख्य प्रगति भएको दाबी पनि गरिन् । स्थानीय सरकार जनतामाझ सेवा प्रवाहमा सबैभन्दा नजिकको सरकार भएको उल्लेख गर्दै त्यसलाई बलियो बनाउन संघ र प्रदेशले अधिकार हस्तान्तरण गर्न जरुरी रहेको उनले बताइन् । सबै तहका सरकारले आफ्नो कार्यक्षेत्र, अधिकार र कर्तव्य पालना गर्नसकेमात्र संविधानको सफल कार्यान्वयन हुने भन्दै यसतर्फ सबैको ध्यान जान जरुरी रहेको उनले बताइन् ।

# स्वास्थ्य बिमामा आबद्ध भए मात्रै कडा रोग लागेका बिरामीले सुविधा पाउने



**काठमाडौं/मस–** आगामी कात्तिक १ बाट स्वास्थ्य बिमामा आबद्ध भएका विपन्न नागरिकहरूले आठ प्रकारका कडा रोगको एकीकृत सुविधा पाउने भएका छन् । हाल मुटु, मिर्गौला, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमियाका बिरामीहरूले यो सुविधा पाउँदै आएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमलाई एकद्वार प्रणालीमा आबद्ध गर्ने निर्णयअनुसार आगामी कात्तिकदेखि यो व्यवस्था लागू गर्न लागेको हो ।

एकीकृत सुविधा कार्यान्वयनका लागि मन्त्रालयले हालै 'विपन्न नागरिक औषधि उपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० ९पहिलो संशोधन २०८२०' स्वीकृत गरेको छ । संशोधित निर्देशिकाअनुसार विपन्न नागरिकले पाउँदै आएको उपचार सुविधाको सम्पूर्ण भुक्तानी स्वास्थ्य बिमा बोर्डमार्फत हुने व्यवस्था गरिएको थियो ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले यो सुविधा स्वास्थ्य बिमा प्रणालीमार्फत मात्र उपलब्ध हुने भएकाले हाल सेवा लिइरहेका वा नयाँ सेवा लिन चाहने सबै विपन्न नागरिकले अनिवार्य रूपमा स्वास्थ्य बिमामा आबद्ध हुनुपर्ने बताए ।

उनले भने, 'हाल उपचाररत बिरामीहरूको सेवा निरन्तर होस् भनेर हामीले आउँदो असोज मसान्तभित्र बिमामा दर्ता भइसक्न अनुरोध गरेका छौं । यो व्यवस्थाले छरिएर रहेका कार्यक्रमलाई एकद्वार प्रणालीमा ल्याई राज्यको स्रोतको सही उपयोग सुनिश्चित गर्नेछ ।'

यसका लागि हालका सेवाग्राहीलाई आउँदो असोज मसान्तभित्र बिमामा दर्ताको व्यवस्था मिलाउन निर्देशन दिँदै स्वास्थ्य बिमा बोर्ड र नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखालाई पत्र पठाइएको प्रवक्ता बुढाथोकीले जानकारी दिए ।

# थप 'ट्रान्फरस्टेसन'का लागि जग्गा प्राप्त नहुँदा फोहोर व्यवस्थापन हुन सकेन




**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले थप 'ट्रान्फरस्टेसन'का लागि जग्गा प्राप्त गर्न नसक्दा क्षेत्रगत रूपमा गरिने भनिएको फोहोर व्यवस्थापन कार्य अघि बढ्न सकेको छैन । फोहोर व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन र हाल फोहोर व्यवस्थापन भइरहेको बञ्चरेडाँडाको आयु बढाउन फोहोर वर्गीकरण गर्ने भने पनि हालसम्म उक्त कार्य सुरु हुन नसकेको महानगर वातावरण विभागले जनाएको छ ।

विभाग प्रमुख सरिता राईका अनुसार जनसंख्या र भूगोलका आधारमा महानगरभित्र छवटा क्षेत्र निर्धारण गरेर सोअनुसार एक-एकवटा ट्रान्फरस्टेसन तयार गरी उक्त स्थानबाट फोहोरको अन्तिम व्यवस्थापनका लागि 'ल्यान्डफिल साइट' बञ्चरेडाँडा लगिने जनाए पनि स्थान अभावकै कारण काम अघि बढ्न नसकेको हो । महानगरका सहायक प्रवक्ता धुव्रकुमार काफ्लेले जग्गा प्राप्तिका लागि केही कानुनी प्रक्रिया बाँकी रहेकाले तत्काल काम सुरु हुन नसकेको बताए । काठमाडौं उपत्यकाका १८ स्थानीय तहमा उत्पादित फोहर बञ्चरेडाँडा लैजाँदा उक्त स्थानमा प्रदूषण बढ्नाका साथै फोहोरमैला ढुवानीमा खर्च बढ्ने भएकाले क्षेत्र निर्धारण गरेर व्यवस्थापन गर्न लागिए पनि जग्गा अभावमा समस्या भएको बताए ।

फोहोरमैला व्यवस्थापन ऐन २०६८ तथा काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ अनुसार फोहर स्रोतमा नै वर्गीकरण गर्नुपर्ने कानुनी व्यवस्था छ । यसरी व्यवस्थित फोहरमध्ये २० प्रतिशत बञ्चरेडाँडामा लैजाने र बाँकी सेवा प्रदायकमार्फत व्यवस्थापन गरिने तयारी छ ।

# छेपारो परेको खाजा खाएपछि ७० बढी बालबालिका अस्पताल भर्ना



**काठमाडौं/मस–** महोत्तरीको पिपरा गाउँपालिका-६ रतौलीस्थित आदर्श माध्यमिक विद्यालयमा छेपारो परेको खाजा खाएपछि ७० भन्दा बढी बालबालिकालाई अस्पताल पुऱ्याइएको छ ।

खाजामा छेपारो परेको थाहा पाएपछि खाजा खाएका बालबालिकालाई अस्पताल पुऱ्याइएको हो । आदर्श माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ओमप्रकाश महतोकाअनुसार बिहीवार दिउँसो एक विद्यार्थीको प्लेटमा दिइएको खाजामा छेपारो देखिएपछि बालकले खाजा फालेर घर फर्केर अभिभावकलाई जानकारी गराएका थिए । त्यसपछि अन्य बालबालिकाले पनि वाकवाकी लागेको बताएका थिए ।

अभिभावक र विद्यालयले खाजा खाएका सबै बालबालिकालाई जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा पुऱ्याएका हुन् । प्रादेशिक अस्पताल जनकपुरधामकाअनुसार कुनै गम्भीर स्वास्थ्य समस्या देखिएको छैन तर शतर्कताका लागि सबैलाई अस्पतालमा राखिएको हो । प्रादेशिक अस्पताल जनकपुरधामका आकस्मिक कक्षका उज्वल झाकाअनुसार बालबालिकामा कुनै स्वास्थ्य समस्या देखिएको छैन । बालबालिकाहरु डराएकाले निगरानीका लागि अस्पतालमा राखिएको झाले बताए ।

यता पिपरा गाउँपालिकाका अध्यक्ष रामजानकी यादवले विद्यालयको दिवा खाजामा छेपारो कसरी पुग्यो यस विषयमा छानविन गरेर दोषीलाई कारबाहीसम्म गर्ने चेतावनी दिए । उपचारका लागि पुगेका सबै बालबालिकाको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ । कतिपय बालबालिका उपचारपछि घर समेत फर्किसकेका छन् भने केही बालबालिकालाई अझै अस्पतालमा राखिएको छ ।

# हुलाक टिकट प्रदर्शनी




**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले निजामती सेवा सरकार चलाउनु विश्वासिलो र महत्वपूर्ण अंग भएकाले सेवाको गौरव राख्न सबै कर्मचारीले स्वच्छ छविमा ध्यान दिनुपर्ने बताएकी छन् ।

निजामती दिवस-२०८२ का सन्दर्भमा शुक्रबार हुलाक सेवा विभागको आयोजना र नेपाल फिलाटेलिक सोसाइटीको सहआयोजनामा आयोजना गरिएको सप्ताहव्यापी निजामती दिवस हुलाक टिकट प्रदर्शनी कार्यक्रममा सचिव अर्यालले भनिन्, 'निजामती सेवाको कार्यशैली अरु क्षेत्रमा पनि प्रभावित हुनेहुँदा यसको गौरवलाई जोगाउनु पर्छ ।' साथै उनले हुलाक टिकटमार्फत निजामती सेवाको मर्म र सन्दर्भलाई प्रदर्शन गर्नुले सकारात्मक प्रचारको काम गरेको बताइन् ।

कार्यक्रममा हुलाक सेवा विभागका महानिर्देशक मनमाया पंगेनी भट्टराईले निजामती सेवाको गौरव बढाउने किसिमका हुलाक टिकट प्रदर्शनीले आउने पुस्तालाई इतिहाससँगै सेवाको महत्वसमेत बुझाउन प्रेरित गर्ने बताइन् ।

नेपाल फिलाटेलिक सोसाइटीका अध्यक्ष रविचन्द्र श्रेष्ठले प्रदर्शनीमा राखिएका हुलाक टिकटमा इतिहासदेखि वर्तमानसम्मको अवस्थास मेटिएको बताए ।

**मोटरसाईकल हराएको सूचना**

मिति २०८२/०४/२७गते बेलुका ०७:४० बजेको समयमा जडिबुटि आँखा अस्पताल छेउबाट पार्किङ गरि राखेको बा.प्र-०२-०५८ प १८५३ नंम्बरको कालो रातो रङको 220 CC पल्सर मोटरसाइकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला ।

**सवारी धनी: अशोक अधिकारी**
**च्यासिस नं.: MD2A13Ex45CA82483**
**इन्जीन नं.: DKXCSA17816**
**सम्पर्क: ९८५१०५७६९४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६२/०२/२९ मा दर्ता भएको **प्रा. लि. नं. ३४६२३** को **निओसफ्ट इन्टरनेशनल प्रा. लि.** को मिति २०८२/०५/१४ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: कृष्ण प्रसाद न्यौपाने**
**इजाजतपत्र नं. ४३८**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७३/०४/१७ मा दर्ता भएको **प्रा.लि. नं. १५२९९४** को **जितपुर निर्माण सेवा प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०७/११ मा दर्ता भएको **प्रा. लि. नं. २०१४७९** को **इन्द्रेणी ब्याङ्क्वेट एण्ड रेष्टुरेन्ट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०६५/०२/२३ मा दर्ता भएको **प्रा.लि. नं. ५३७०२** को **शितला कम्युनिकेशन एण्ड साइवर क्याफे प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/११/१२ मा दर्ता भएको **प्रा. लि. नं. २३५२३३** को **सेइको इलेक्ट्रिक वर्क्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कतार र युएईमा रोजगार**

कम्पनी: **QATAR GALVANIZING CO W.L.L** शहर: **DOHA,QATAR**
पूर्व स्वीकृत मिति: २०८२/०५/२० चलानी नं.: ६०२४४५३१ **L.T. No.:330745**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Mechanic | 1 | 0 | | 1200 | ४६,३३२ | | | | | | | |

कम्पनी: **BULE THREE FOR SOLAR ENERGY SYSTEMS RENTAL EST.** शहर: **DUBAI**
पूर्व स्वीकृत मिति: २०८२/०५/२० चलानी नं.: ६०२४४५३२ **L.T. No.:330815**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician Assistant | 3 | 0 | | 1200 | ४५,९८४ | | | | | | | |
| 3. | S. Carpenter | 2 | 0 | | 1500 | ५७,४८० | | | | | | | |
| 4. | Welder | 2 | 0 | | 1500 | ५७,४८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २८ गते (13 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**OMEGA POWER MINDS PVT.LTD.** Govt. Lic. No. 1178/073/074
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:cv.omegapowerminds@gmail.com

**साउदीमा रोजगार**

कम्पनी : **AHMED BIN ALI AL -DUBAISE COMPANY** शहर : **RIYADH**
पूर्व स्वीकृत मिति: २०८२/०५/२० चलानी नं.:६०२४४५२८ **LT. No.:330790**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **QALI FREE RESTAURANTS FOR MEAL SERVICES** शहर : **RIYADH**
पूर्व स्वीकृत मिति: २०८२/०५/२० चलानी नं.:६०२४४५२८ **LT. No.:330790**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २८ गते (13 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**
पो.ब.नं. १०३०४, का. म. न. पा.–०३, बसुन्धरा, काठमाडौं
फोन: ४३७९०९१, ४३७६५६६, फ्याक्स: ४३७९०४७, Email: -info@ayushintl.com
मोबाईल नं.: ९८०१२८०८०४/ ९८०१२८०८२३ / ९८०१२८०८२५
श्रम इजाजत नं. ६८८/०६३/०६४

**युएईमा रोजगार**

कम्पनी : **JOHN ALUMINIUM & GLASS FACTORY LLC** शहर: **MANAMA**
पूर्व स्वीकृत मिति: २०८०/१२/२१ चलानी नं.: ६०२१७८८१ **L.T. No.: 302997** पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminium Fabricator | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Aluminium Fitter | 6 | 0 | | 1200 | ४५,९८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २८ गते (13 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD.** श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.), गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
Kathmandu No: 9851122190, 9851041811, 9805865194, 9805865193, 9805865192, 9823301035

**यूएईमा रोजगार**

कम्पनी: **GREEN STON LANDSCAPING LLC OPC** शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८१/03/११ चलानी नं.: ६०२२१५७० L.T. No.: 306802 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | landscaping labour | 18 | 0 | स. काममा दक्ष | 800 | ३०,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **GREEN STON LANDSCAPING LLC OPC** शहर: **ABU DHABI**
पूर्व स्वीकृत मिति: २०८१/0८/१३ चलानी नं.: ६०२२८८७४ L.T. No.: 314514 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tree and Shrub Crop Grower | 11 | 0 | स. काममा दक्ष | 800 | ३०,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालाय काठमाण्डौमा २०८२ भदौ २८ गते (13 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056512368, 9761890793, 9765228663, 056512369, 9769328733, Jhapa Contact 980202898
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

निबन्ध

# काका, कहिले फर्किने गाउँ ?

*सधैं मौनताको जीवन छ सहरमा । वरिपरि छिमेकीको घरमा के भइरहेको छ थाहा छैन । भनिन्छ नि 'जिउँदाको जन्ती न मर्दाको मलामी' तर सहरमा त्यही पनि हुँदैन । आखिर के औचित्य रह्यो र जीवनको ...*



■ खिमराज गिरी



सहरको रमझम, सुखसुविधा सम्झेर काका सहर पसेको पनि कयौं वर्ष भइसकेको छ। तर गाउँघरको प्राकृतिक सुन्दरता भने उस्तै छ । बिहानै गाइवस्तुको घण्टी बजेको आवाज, खानामा कोदो, मकै र फापरको परिकार, दही, मही, घिउको बेजोड स्वाद अहिले पनि उस्तै छ । गोठभरि वस्तुभाउ, टौवाभरी पराल, पखेराभरी घाँस, थाँक्राभरी मकै, भकारीभरी धान अनि मनभरी आनन्दको पहाड नै गाउँको विशेषता हो । तर सहरिया बन्ने रहरले काका हिँड्नुभएको पनि आज दसकौं भइसकेको छ। टलल टल्किने हिमाल, हरियाली पहाड, वस्तु चर्ने बाटुले चौर र पारीको वारीको बीचमा काकाको घर छ। जुन घर वर्षौंदेखि काकाको आगमनको पर्खाइमा बाटो रुमलिरहेको छ । काकाको घरको छानामा चिरायु, दुबो र गन्ने झारले अड्डा जमाएको छ । बार्तलीका काठका फलेकहरू सबैले ठाउँ छोडिसकेका छन् । बनमारा घाँसले आँगन भरिएको छ । बारीमा भएका घाँसपात पनि गाउँलेको रजाइँ भएको छ । अरू त के, गैह्री खेत पनि कसले कब्जा गरेको छ, काकालाई थाहा छैन । गाईवस्तु तथा बाख्रालाई कुँढो पकाउन बनाएको आँगनको ढुंगाको चुल्हो पनि भत्किएको छ । धन्सारको छानो पनि विछिप्त अवस्थामा रहेको छ । ढोकाको ताला जस्ताको तस्तै छ । तर काकाका लागि सधैं एउटा प्रश्न अगाडि तेर्सिन्छ, 'काका, कहिले फर्किने गाउँ ?'

वास्तवमा आज गाउँका पहाडका बीच र टुप्पामा पनि पिच सडक बनिसकेका छन् । पहाडको सिरानमा गाडी कुँदेको दृश्य देख्दा साँच्चै लाग्छ, आज गाउँघर एउटा स्वर्गको टुक्रा हो । तर, गाउँको यथार्थ आज पृथक छालमा डुबुल्कि मारिरहेको छ । मानिसहरूको रहर सहर नै भएको छ । फराकिलो क्षेत्र, स्वच्छ हावापानी, मिलनसार मानिसहरूको जमघट, ताजा खाना, बोलीको मिठास, विविध सांस्कृतिक परिवेश छोडेर आज मानिस सहरको साँघुरो कोठामा गुम्सिएको छ । तैपनि मानिसमा घमण्डको बादलले छाएको छ । आज, गाउँमा सडक, बिजुली, खानेपानी, केही सानासाना अस्पताल, विद्यालय सबै पुगेकै छन् तर गाउँबस्ती टोल सबै खाली छ । विद्यालयमा बालबालिकाको हाँसो छ, स्वास्थ्यचौकीमा उपचारको व्यवस्था छ । साँझको झिमकिरीको आवाजसँगै बालिएको बत्ती, बिहानको शुद्ध हावाले वास्तवमा जीवनलाई जीवन्त बनाउँछ नै । तर सहरमा भीडभाड छ, धुलो र धुवाँको कारखाना नै हो सहर । तैपनि मानिसहरूको चाप भने किन हुन्छ सहरमा ? आज सहरमा वरिपरिका छिमेकीसँग चिनजान हराएको छ । सधैं मौनताको जीवन छ सहरमा । वरिपरि छिमेकीको घरमा के भइरहेको छ थाहा छैन । भनिन्छ नि 'जिउँदाको जन्ती न मर्दाको मलामी' तर सहरमा त्यही पनि हुँदैन । आखिर के औचित्य रह्यो र जीवनको ? तर गाउँमा त ती सुन्दर बगैंचा, जताततै हरियाली, छिमेकीमा भातृत्वको भावना, चाडबाडमा खचाखच मानिसको भीडले आँगन भरिन्छ । न त भड्किलो संस्कार न त कसैको चित्कार ! कति पवित्र मन अनि स्वच्छ भावना गाउँमा । तर सहरको त्यो क्रुरताले मानिसको हृदय नै कठोर बनिसकेको हुन्छ ।

कुनै दिन आर्थिक अभावका कारण काका सहर हेलिनुभयो । तर सहरमा पनि सोचेजस्तो जिन्दगी कहाँ जिउन पाउनुभएको छ र काकाले । छोराछोरीको अध्ययनको सुविधाले गर्दा गाउँ छोड्नुभएको काकाले अहिले पनि यति व्यस्त जीवन जिउन बाध्य हुनुहुन्छ, एक कल फोन उठाउने फुर्सद पनि सायद मुस्किलले मात्र । काकाजस्ता हजारौं मनिस आज गाउँ छोडेर सहरीया बनेका छन् । त्यसैले त आज गाउँ बिरानो भएको छ ।

*गाईवस्तु तथा बाख्रालाई कुँढो पकाउन बनाएको आँगनको ढुंगाको चुल्हो पनि भत्किएको छ । धन्सारको छानो पनि विछिप्त अवस्थामा रहेको छ । ढोकाको ताला जस्ताको तस्तै छ । तर काकाका लागि सधैं एउटा प्रश्न अगाडि तेर्सिन्छ, 'काका, कहिले फर्किने गाउँ ?'...*

विगतलाई हेर्ने हो भने गाउँको वातावरण त्यति सहज थिएन । माओवादी द्वन्द्व चर्किएको थियो । गाउँमा दुईतर्फका सेनाले सताउँथ्यो । सरकारी सेना र प्रहरी अनि माओवादीका अर्धसैनिक बलले सधैं नै सर्वसाधारण जनतालाई हेयको दृष्टिकोणबाट हेर्ने गर्थे । स्वतन्त्र रूपमा बाटोमा हिँड्न पनि पाइँदैनथ्यो । सधैं शंकाको घेरामा जीवन जिउन बाध्य काकाजस्ता हजारौं योद्धा सहर र विदेश हेलिएका छन् । त्यसैले त आज गाउँ रित्तिन लागेको छ । जहाँ बसेर सधैं आर्थिक चरम अभाव तथा खेतीपातीमा मात्र जीवन धान्न बाध्य हुन्छ भने मानिसले अवश्य पनि विकल्प खोजेका हुन्छन् । हो, त्यसैको उपज हुन् काका पनि ।

यस्तै, बाध्यताको भुमरीमा फँसेर काकाले गाउँ छोड्नुभयो । आज अवसरको खोजीमा मानिसले गाउँ छोड्न बाध्य भएका छन् । नजिकैका दुई छिमेकी भारत र चीनका गाउँहरू आज नेपालका जस्ता छैनन् । उनीहरूको त गाउँमा बस्ने वातावरण छ । किनकि गाउँका फाँटहरूमा लगाइएको खेतीबालीको जिम्मा स्थानीय सरकारले लिन्छ र किसानले उब्जाएको खेतीबाली खेर जाँदैन, साथै, उचित मूल्य पनि पाउँछन् । किसानी कामबाट मनग्य आम्दानी हुन्छ । र पो गाउँ छोड्न मान्दैनन् त्यहाँका मानिसहरू । तर नेपालमा भने प्रजातन्त्र आएदेखि नै प्राय: सरकारको आयु एक वर्षभन्दा माथि गएको दृष्टान्त छैन । जहाँ राजनीतिक अस्थिरता हुन्छ, त्यहाँ सामाजिक सद्भाव खल्बलिन्छ र आर्थिक अभावका कारण मानिस सहर र विदेश पलायन हुन बाध्य हुन्छन् । त्यसैको उदाहरण काका पनि हुन् । जो वर्षौंदेखि घर छोडेर सहरिया भएका छन् तर गाउँलाई अझै पनि सम्झिन सकेका छैनन् ।

यति मात्र होइन कि जब चाडबाड आउँछ तब गाउँले परिवेशले लोभ्याउँछ । तिजको रौनक, दसैंमा टीका थाप्ने परम्परा, तिहारको भाइटीका, १५ पुसमा खाइने परिकार, माघे संक्रान्तिमा खाइने तिल र चाकुको स्वाद, होलीमा खेल्ने रंगको रौनक आदि चाडबाडले गाउँले परिवेशमा लोभ्याएको हुन्छ । गाउँका मानिसमा आत्मीयताको भावना हुन्छ। सहरको जस्तो बन्द कोठामा सीमित हुँदैनन् । त्यसैले त गाउँघरमा मनाउने चाडबाड सम्झेर काकाको पनि सम्झना आउँछ र भन्न मन लाग्छ, 'काका कहिले फर्किने गाउँ ?'


अब त गाउँघरमा पनि नयाँनयाँ प्रविधिले छोएको छ । हर्के र कुन्जना पनि नयाँ डिजिटल प्रविधिको प्रयोग गरेर मोबाइलबाट नै व्यापार गर्न सक्षम भएका छन् । इन्टरनेटको भरमग्दुर प्रयोग गरिएको छ गाउँमा । गाउँ पनि अब सहरभन्दा कम छैन । गाउँहरू अब प्राय: सुखसुविधा सम्पन्न भइसकेका छन् तर मानवबस्ती पातालिएर उजाड र सुनसान देखिन्छन् । जसरी अब्राहम लिंकनले भनेका छन्, 'जीवन भनेको मृत्यु नआएसम्मको अवसर हो र मृत्यु भनेको त्यस अवसरको पूर्णता हो ।' वास्तवमा जीवन भनेको सहरको भीडभाडमा उकुसमुकुस हुनुभन्दा गाउँको स्वच्छ वातावरणमा रमाउन सिक्नु हो । हरेक दिन सुख र शान्तिसँग बाँच्न सिक्नु नै जीवनको कर्म हो । एउटा सत्य मृत्यु हो र त्यो जीवनमा एकपटक मात्र आउँछ, तर हरेकपटक प्राप्त गरेर पनि हामीले त्यसलाई बेवास्ता गर्छौं त्यो अवसर हो ।

त्यसैले हरेक मानिसले खोजेको अवसर सहर र विदेशमा मात्र सीमित छैन । त्यो अवसर आज गाउँमा पनि पुगेको छ र त्यसलाई कसरी प्रयोगमा ल्याउने भन्ने प्रविधि पत्ता लगाउन मात्र बाँकी हो । आज मानिसहरू ३० औं वर्ष अमेरिका बसेर फर्किएका छन् । अनि कयौं दशक सहरको रमझम भनेर बसेका मानिसहरू पनि गाउँ फर्किने तरखरमा छन् । धेरै मानिसहरूले गाउँमा अनेक व्यापार व्यवसाय सञ्चालन गरेर प्रशस्त आम्दानी गरेका छन् । विदेशबाट सिप सिकेर स्वदेश फर्किएपछि गाउँमा साना उद्योग खोलेर रोजगारी सिर्जना गरिरहेका छन् कयौं युवाले । त्यसैले काका सहरीया मात्र नबनी गाउँको विकासको लागि तपाईं कहिले गाउँ फर्किने ? यो प्रश्नले सधैं मनमा कौतुहलता छाइरहेकोले जिज्ञासा राखेको हुँ । आशा छ, काका गाउँ फर्केर एकोहोरो टोलाइरहेको त्यो पारीको एकान्तमा रहेको घरलाई जीवन्तता दिनुहुनेछ र काका फर्किनुभएपछि अन्य गाउँप्रेमी युवा पनि पलायन हुनेछैनन् र गाउँको विकासका लागि अवश्य टेवा पुग्नेछ । यही आशा बोक्दै फेरि पनि प्रश्न सोध्छु, 'काका कहिले फकिने गाउँ ?'

◆ ◆ ◆

# अस्तायो च्याङ्‌बा...

लघुकथा



■ प्रदीप सेवा

*आज खुसी लागेको छ, उसले यो दु:खी अनि निर्दयी संसारलाई त्यागी अनन्तमा विलीन हुन पुगेछ तर थप दु:खको कुरा चाहिँ अब गाउँमा एउटा कामदार, जसलाई सबैले 'च्याङ्बा' भनी सम्बोधन गर्ने गर्थे, उसको लोप भएको । तर मानिसलाई चिन्ता उसको होइन, अब उनीहरुको काम कसले गरिदिन्छ भन्ने फिक्रीले सताइरहेको छ...*

उसको पनि एउटा बेग्लै अनि छुट्टै संसार छ । बेवास्ता, न धन थुपारेर महल बनाउँछु भन्ने अभिलाषा छ, न त सन्तानका निम्ति केही गर्छु भन्ने सपना ।

एक छाक त जता पनि खाइहाल्छ नि !

खोइ ! उसलाई न गर्मीको टन्टलापुर घामले नै सताउँछ, न त हिउँदको त्यो कठ्यांग्रिने चिसोले नै पिरोल्छ । कस्तो हो, उसको शरीर बाध्यतामा झेलिएको ।

गाउँघरमा सबैको प्यारो छ त्यो च्याङ्‌बा, आज उसकोमा काम गर्‍यो, भोलि उसकोमा भारी बोक्यो, बस ! जिन्दगी चलिरहेछ ।

ऊ सबैको प्यारो छ, केवल कामको निम्ति । एउटा कमारो बनिदिए ।

उसको नाम सबैको मुखमा छ- ए च्याङ्‌बा ! तर सबैले आफ्नो स्वार्थका लागि मात्रै ।

जताततै फाटेको कपडामा उसको आधा जीवन जाने भयो ।

न कसैले दया नै देखाउँछ, न त माया नै गर्छ, सहानुभूतिबाहेक ।

'आ ! जेसुकै होस्, आफूलाई त आफ्नो काम निकाल्नुसम्म न मतलब छ,' सायद सबैको यही मन्तव्य छ उसको प्रति ।

आफ्नो कामका निम्ति केही क्षणको माया अनि दयाको बीजारोपण गरिदिन्छ उसको मनमा, च्याङ्‌बा फुरुक्कै ।

मान्छे सारै सोझो हुनु पनि हुँदैन सायद ।

उसको पनि त्यही गाउँलेबाहेक आफन्त भन्ने कोही छ जस्तो लाग्दैन ।

पहिला नै आएर बसेका थिए अरे भन्नेचाहिँ सुनेको, खोइ !

आज त ठिहिरो जाडोमा नालीमा लडिरहेको रहेछ ।

सधैं सिउ सिउ गर्दै काम्ने त्यो डाँडाको चप्लेटीमा काँडै काँडा भएको शरीर सेकाउँदै गरेको देख्थें तर आज आज यो हालतमा ?

मेरो नजर अचानक त्यहाँ पुग्यो, अचल छ उसको शरीर । हिउँजस्तो चिसो भइसकेको छ ।

विचरा ! सायद रातिको त्यो कठ्यांग्रिने जाडोको ताप सहन नसकेको हुनुपर्छ ।

सकोस् पनि कसरी ? शरीरमा एक झुत्रो फाटेको कपडाबाहेक केही थिएन बा !

तर त्यो निश्चल, निर्मल, सबैको कामदारको मर्म अनि व्यथा कसले बुझ्ने ?

सबैलाई आफ्नो काम गरिदिए हुन्थ्यो भन्ने मात्र थियो ।

खोजी त भई नै बस्थ्यो, उसको केवल भरियाका निम्ति ।

एक छाक गाँसको आसमा विचराले के-कस्तो दु:ख गरेन होला ?

भगवानको नियतिको अघि कसैको केही नलागेपछि सायद त्यस्तै हुँदो हो ।

आज खुसी लागेको छ, उसले यो दुखी अनि निर्दयी संसारलाई त्यागी अनन्तमा विलीन हुन पुगेछ, तर थप दु:खको कुरा चाहिँ अब गाउँमा एउटा कामदार, जसलाई सबैले 'च्याङ्‌बा' भनी सम्बोधन गर्ने गर्थे, उसको लोप भएको ।

तर मानिसलाई चिन्ता उसको होइन, अब उनीहरूको काम कसले गरिदिन्छ भन्ने फिक्रीले सताइरहेको छ ।

हे दैव ! अबको जुनी उसलाई यस्तो नदिनू है !

आज उसको गति के छ, कहाँ छ ? कसैलाई सरोकार छैन । उसको त्यो शरीर, जसले सधैं सबैको सेवा गर्‍यो, आज उसलाई हातसम्म लगाउने सामर्थ्य कसैमा रहेन ।

कविता

## गाजाको पीडा



प्रकाशचन्द्र खतिवडा

बंकर भत्काएर
लास गणना गरिँदै छ
गाजा नब्युँझँदै ।

गाजामा पानी बग्दैन
रगत बग्छ
रगतले मुछिएको घाइते हमास युवा
आत्म समर्पण नगरी
मोर्चाको अग्रभागमा तैनाथ छ
उ लड्नेछ
गाजा रक्षार्थ
अन्तिम सास रहुन्जेल
इजरायलको ज्यादती विरुद्ध ।

गाजाको आकाश
धुवाँले ढाकिएको छ
उड्न छोडिसके चराहरू
उड्छन् ड्रोनहरू
मृत्युका साइरन बजाउँदै
यत्र तत्र छरिएका लासहरू बटुल्ने
मलामी छैनन्
शवयात्रा निकाल्ने कोही नभएपछि
चिहानसम्म पुर्‍याइदैनन् लासहरू ।

भत्किएका छन् भवनहरू
ध्वस्त छन् मिनारहरू
भग्नावशेष रगतले पोतिएको छ
त्यतै कतै
एक वृद्ध आमा
रोइरहेकी छन्
भग्नावशेषले किचिएर
उद्धार टोली त्यहाँ पुगेकै छैन
भोक र तिर्खाले मर्ने छिन् आमा ।

तोता मैनाको कथा
कसैले भन्दैन त्यहाँ
आमाहरू लोरी गाउँदैनन्
शिशुहरू बम माथि सुताइएका छन्
शिशुहरूको चिच्याहट सुनेर
आमाहरू तर्सिरहेछन्
बम पड्कन्छ
शिशुहरू क्षत विक्षत हुन्छन्
शिशुहरूको शरीर
धुलो र धुवाँले पुर्छ
आमाहरू धुवाँ र धुलो पन्छाई
आफ्ना शिशुको
पहिचान खोज्न तल्लीन छन्
ठिक त्यही बेला
ड्रोन आक्रमण हुन्छ
आमाहरू समेत मारिन्छन् ।

शरणार्थी शिविरमा
एक वृद्ध बा
ह्वील चेयरमा बसेर
युद्धमा गएका छोरा छोरीको
जीवन रक्षार्थ प्रार्थना गर्दै
नाति नातिनीलाई भनि रहेछन्
देशको माया गर्न सिक
युद्ध सकिन्छ जब
रोप्नु पर्छ बिरुवा
र फलाउनु पर्छ अन्न ।

आकाश शून्य छ
शून्यतालाई चिर्दै
प्यालेस्टाइन अर्चना गर्दै छ
बाँच्ने हुटहुटी लिएर
नजिकै भग्नावशेषमा
पुरुष आवाज साउती मारिरहेछ
सायद मृत्युलाई जितेर
उद्धारको प्रतीक्षामा छ ।

जीवनको त्यान्द्रोमा
उ अल्झिएको होला
उसमा जीवनको आशा पलाएको हुन सक्छ
उ सम्झन चाहँदैन
मृत्युमय रात
उ देख्न चाहन्छ
सुनौलो बिहानी
जहाँ रक्तिम सूर्य उदाएको हुन्छ ।

म गाजाको कविता लेख्न बसेको छु
म निहत्था मान्छे
मात्र कलम छ मेरो साथी
कलम कविता लेख्न मान्दैन
कलम रुन्छ
म रुन्छु
गाजा र मानवता
रोइरहेको छ पीडाले
पीडाकै कविता लेखूँ भन्छु
मेरो कलम विद्रोह गर्दै
मसी हैन
रगत छाद्छ
गाजामा नरसंहार भए पछि ।

# युरोपभर नेपथ्यले छ्यायो संगीतको जादु



**काठमाडौं/मस–** लन्डनको वेम्बली एरिनामा १० हजारभन्दा बढी दर्शकमाझ भव्य कन्सर्टबाट सुरु भएको नेपथ्यको युरोप यात्रा बेल्जियममा सम्पन्न भएको छ। एक महिनादेखि जारी शृंखलाबद्ध यात्रामा ब्यान्डले विभिन्न युरोपेली मुलुकमा ‘हाउसफुल’ दर्शकसमक्ष आफ्नो कला प्रस्तुत गर्दै नेपाली संगीतलाई अन्तर्राष्ट्रिय स्तरमा पुनः स्थापित गर्‍यो। बुधबार बेल्जियमस्थित एईडी स्टुडियो हलमा भएको अन्तिम कन्सर्ट साँझ ८ बजे सुरु भएको थियो। दुईवटा म्युजिक भिडियो प्रदर्शनसँगै हलभरि गुञ्जिएको दर्शकको चर्को हुटिङबीच अमृत गुरुङ नेतृत्वको नेपथ्य टोली मञ्चमा देखा पर्नासाथ ‘स्पेशल इफेक्ट’ ध्वनि, प्रकाश, सीओटूको मुस्लो र कनफेटीको वर्षाले वातावरण झन् उत्साहपूर्ण बनायो। उद्घाटन गीत थियो ‘कोशीको पानी यो जिन्दगानी’।

गीतको पंक्ति ‘आमाको कोखमा बास मात्र लिएँ, कुन देशको मरन हौ हजुर’ गुञ्जिरहँदा कतिपय दर्शकहरू भावुक बनेका देखिन्थे।

माल्टादेखि विशेष रूपमा बेल्जियम पुगेका उदयबाबु श्रेष्ठ, जो स्थानीय रेस्टुरेन्ट व्यवसायी हुन्, भन्छन्, ‘अघिल्लो पटक माल्टामा केही गीत मात्रै सुन्न पाएको थिएँ। यसपटक नेपथ्यलाई पुरै सुन्ने अठोटका साथ यहाँ आएको हुँ। यो साँझ जीवनभरकै सम्झनिय क्षण बनाइदिएकोमा ब्यान्डलाई धन्यवाद दिन चाहन्छु।’

उदयबाबु कन्सर्टपछि बिहीबार बिहानैको विमानबाट माल्टा फर्किएका थिए। ‘भेडाको ऊन’, ‘छेक्यो छेक्यो’, ‘आँगनैभरि’, ‘लामपाते सुरती’ लगायतका लोकप्रिय गीतले दर्शकलाई निरन्तर नचायो। आयोजक अजित तुलाचनका अनुसार यसअघि बेल्जियममा नेपाली कार्यक्रममा ६-७ सयभन्दा बढी दर्शक क्वचित् मात्र देखिन्थे, तर योपटक हल खचाखच भरिएको थियो।

उनले भने, ‘दर्शक उपस्थिति मात्र नभई, प्रस्तुतिको स्तरले पनि नेपाली कन्सर्टका लागि नयाँ मापदण्ड स्थापित गर्‍यो।’ गीतका बीच-बीचमा अमृत गुरुङले सामाजिक सन्देशहरू प्रवाह गरे। उनले विदेशमा बस्ने नेपालीलाई एकता र सद्भावमा रहन आह्वान गर्दै भने, ‘तपाईंहरू बसेको मुलुकको संस्कृति र मानिसलाई सम्मान गर्न नछाड्नुहोस्। तपाईंले सम्मान दिनुभयो भने तपाईंलाई पनि सम्मान प्राप्त हुनेछ।’

विदेशमा काम र अध्ययन गर्दै गर्ने समयलाई केवल आर्थिक लाभका लागि मात्र नभई ज्ञान र अनुभव संकलनमा पनि खर्चिन आग्रह गर्दै उनले थपे, ‘एक दिन आफ्नै हिमालको काखमा फर्केर देशको उन्नतिमा लाग्नुपर्छ।’

विगतमा बर्मा, मेघालय र भुटानबाट फर्काइएका नेपालीको भोगाइलाई स्मरण गर्दै अमृतले भने, ‘कथम्कदाचित् केही भइहाले, फर्किने ठाउँ यही हिमालको काख नै हो।’

बेल्जियम मात्र नभई नेदरल्यान्ड्स, लक्जेम्बर्ग, फ्रान्स, जर्मनी, अस्ट्रिया लगायत देशका नेपाली पनि कन्सर्टमा सहभागी थिए। नेदरल्यान्ड्सका डा. ग्लेन मित्रसिंहले भने, ‘नेपथ्य झन् परिपक्व र व्यावसायिक बनेको देखियो। आफ्ना जरासँग अझ बलियो सम्बन्ध राख्दै विश्वस्तरको प्रस्तुति दिएको छ।’

कार्यक्रमको अन्त्यतिर दर्शकको आग्रहमा ‘रेशम’ बजाइयो, त्यसपछि ‘तालको पानी’ हुँदै राष्ट्रियता झकझक्याउने ‘रातो र चन्द्रसुर्जे’ गाइएपछि यात्रा समापन भयो।

अमृत गुरुङलाई ड्रमसेटमा ध्रुव लामा, बेस गितारमा सुविन शाक्य, गितारमा नीरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले साथ दिएका थिए।

नेपथ्यले यसअघि लन्डन, डेनमार्क, माल्टा र पोर्चुगलमा पनि आफ्ना प्रस्तुति दिइसकेको थियो। हरेक ठाउँमा हाउसफुल दर्शकसामु उभिएको ब्यान्डले यसपटकको यात्रामा करिब १४ सदस्यीय कलाकार, प्राविधिक र व्यवस्थापन टोलीसहित नेपाली संगीतलाई युरोपभरि घन्काइदियो।

नेपथ्यको यो युरोप यात्रा नेपाली संगीत कार्यक्रमलाई अन्तर्राष्ट्रिय स्तरमा नयाँ उचाइमा पुर्‍याउँदै सफलतापूर्वक टुंगिएको छ।

# ‘मैझारो’ कात्तिक ७ मा




**काठमाडौं/मस–** यस वर्षको दसैंमा मात्र नभई तिहारमा पनि नेपाली फिल्मबीच प्रतिस्पर्धा हुने भएको छ। तिहारको मुख्य दिन भाइटीका अर्थात कात्तिक ६ गते ‘सोल्टिनी’ र ‘वरिष्ठ बलराम’ प्रदर्शन हुने घोषणासँगै अब अर्को दिन अर्थात् कात्तिक ७ गते ‘मैझारो’ पनि प्रदर्शनमा आउन लागेको छ।

विल्सन विक्रम राई (तक्मे बुढा)को निर्देशनमा बनेको ‘मैझारो’को बिहीबार दुई वटा क्यारेक्टर पोस्टरसहित प्रदर्शन मिति सार्वजनिक गरिएको हो। पोस्टर सार्वजनिकसँगै यो फिल्म पनि तिहारमा दर्शकबीच आउने निश्चित भएको छ।

प्रथम पोस्टरमा फिल्मका मुख्य कलाकार धीरज मगर, मिरुना मगर र दीया पुनलाई लिम्बू समुदायको परम्परागत पहिरनमा देखाइएको छ। यसले फिल्म पूर्वी पहाडको संस्कृति, जीवनशैली र प्रेमकथामा आधारित रहेको संकेत गर्छ।

दोस्रो पोस्टरमा धीरज र मिरुनालाई प्रेमिल मुद्रामा प्रस्तुत गरिएको छ। धीरजले बन्चरो बोकेका छन् भने मिरुना कुर्था-सुरुवालमा उनलाई नियालिरहेकी छन्। पृष्ठभूमिमा देखिएको हरियो चियाबगानले दृश्यलाई अझ आकर्षक बनाएको छ। यसले फिल्म त्रिकोणात्मक प्रेमकथामा आधारित भएको झल्काउँछ।

फिल्ममा धीरज मगर, मिरुना मगर र दीया पुनसँगै बुद्धि तामाङ, सुनिल थापा, पुस्कर गुरुङ, अभयराज बराल, माओत्से गुरुङ, कविता आले, रजनी गुरुङ, भूपेन्द्र लिङ्देनलगायत कलाकारको अभिनय छ। लोकप्रिय अभिनेता दयाहाङ राई विशेष भूमिकामा देखिनेछन्।

‘तक्मे प्रोडक्सन’को ब्यानरमा बनेको फिल्मको कथा तथा पटकथा निर्देशक राई स्वयंले लेखेका हुन्। निर्मातामा डिबी राई र सरिना लामा रहेका छन्। छायांकन सौरभ लामाले गरेका छन् भने सम्पादन मित्र डी गुरुङले गरेका छन्। संगीततर्फ अनमोल गुरुङ र तोरेम्पाहाङ राईको संयोजन रहेको छ। वितरणको जिम्मेवारी आरआर फिल्म्सले लिएको छ।

भाइटीकाको दिन दुई फिल्म प्रदर्शन हुँदै गर्दा भोलिपल्ट ‘मैझारो’ पनि रिलिज हुने भएपछि यसपटक तिहारमा तीन नेपाली फिल्मबीच प्रत्यक्ष प्रतिस्पर्धा हुने भएको छ। पछिल्ला वर्षमा ठुलो चाडपर्वमा नेपाली फिल्महरुले व्यावसायिक सम्भावना खोज्ने गरेकोमा यसपालि पनि त्यसैको निरन्तरता देखिएको छ।

# गंगाले ल्याइन् ‘गुनासो’




**काठमाडौं/मस–** नेपाल आइडल सिजन-६ की विजेता गंगा सोनामको पहिलो रेकर्डेड गीत सार्वजनिक भएको छ। उनको एकल स्वरमा बिहीबार सार्वजनिक ‘गुनासो’ बोलको गीतको भिडियोमा अभिनेता राज कट्वाल र सनिषा भट्टराईको अभिनय छ।

गीतकार प्रदीप चापागाईंको प्रस्तुति रहेको गीतमा उनकै शब्द र लेखु सहयात्रीको संगीत रहेको छ। गीतको म्युजिक भिडियोलाई निकेश खड्काले निर्देशन गरेका हुन्। उत्सव दाहालको सिनेमाटोग्राफी र विकास धमलाको सम्पादन रहेको भिडियोलाई गीतकार प्रदीप चापागाईंको अफिसियल युट्युब च्यानल प्रदिप चापागाईंबाट सार्वजनिक गरिएको छ।

# ‘कलम कनभर्सेसन’बाट नयाँ साहित्यिक बहसको थालनी




**काठमाडौं/मस–** राजधानीको कालिकामार्गस्थित नेपालयाको आर-सालामा शुक्रबार दिउँसो नयाँ साहित्यिक संवाद यात्रा सुरु भएको छ। ‘कलम कनभर्सेसन’ नाम दिइएको मासिक संवाद श्रृंखलाको पहिलो कडीमा साहित्य, सिर्जनशीलता र प्रकाशनबारे गहिरो बहस भएको छ। आयोजकका अनुसार यस संवाद श्रृंखलाले नेपाली लेखन, प्रकाशन र पठन संस्कृतिबारे निरन्तर छलफल र समीक्षा गर्ने लक्ष्य लिएको छ।

पहिलो सत्रमा मार्टिन चौतारीका इतिहासकार तथा सम्पादक प्रत्युष ओंटा मुख्य वक्ताका रूपमा सहभागी भए भने पत्रकार तथा लेखक अनिश घिमिरेले कार्यक्रम सञ्चालन गरे। ओंटाले आफ्नो विचार राख्दै लेखनलाई अझै पनि ‘सत्य बोल्ने साहसिक माध्यम’ भएको उल्लेख गरे। उनका अनुसार अहिलेको भ्रामक सूचनाले भरिएको समयमा साहित्य र अनुसन्धानले समाजलाई सजग बनाउने महत्वपूर्ण भूमिका खेल्न सक्छ। उनले विशेष गरी काठमाडौं बाहिर शैक्षिक प्रकाशन किन स्थिर छ, त्रिभुवन विश्वविद्यालयसँग किन आफ्नै प्रेस छैन, राज्य र निजी दुवै क्षेत्रले किन प्रकाशनलाई उपेक्षा गरिरहेका छन् भन्ने विषयमा कठोर प्रश्न उठाए।

उनको वक्तृत्वमा ‘सम्पादक’ नामक अदृश्य तर अत्यन्तै प्रभावशाली भूमिकाप्रति जोड दिइएको थियो। ‘लेखनलाई धारिलो बनाउन र अनुसन्धानलाई विश्वसनीय बनाउन सम्पादक अपरिहार्य हुन्छ,’ ओंटाले भने। उनले विद्यार्थीलाई अनुसन्धान तालिम दिने व्यवस्था, गुणस्तरीय प्रकाशनका लागि आवश्यक संस्थागत संरचना निर्माण र दीर्घकालीन लगानीको खाँचो रहेको पनि दोहोर्‍याए। कार्यक्रममा उपस्थित युवादेखि प्रकाशन क्षेत्रमा सक्रिय पुराना पुस्तासम्मले प्रश्न-उत्तर सत्रमा उत्साहपूर्वक सहभागिता जनाए। कसैले निजी प्रकाशकको कठिनाइबारे जिज्ञासा राखे, कसैले राज्यको उदासीनताप्रति असन्तुष्टि पोखे। प्रत्येक प्रश्नले नयाँ बहसलाई जन्म दियो भने ओंटाका जवाफले दर्शकलाई थप गहिरो सोच्न बाध्य बनायो। सभाहलमा एकपछि अर्को प्रश्नले माहोललाई अझै जीवन्त बनाएको थियो।

‘कलम कनभर्सेसन’ आर्या चन्द, अनिश घिमिरे, रीवा खनाल, संगम खड्का र संस्कृति पोखरेलको संयुक्त पहलमा सुरु गरिएको हो। आयोजकहरूले यसलाई मासिक रुपमा निरन्तरता दिने र प्रत्येक सत्रमा फरक विषयवस्तु उठाएर साहित्यिक जगतमा आवश्यक बहस अघि बढाउने बताएका छन्। पहिलो सत्रमै देखिएको उच्च सहभागिता र बहसको ऊर्जा हेर्दा यो कार्यक्रम केवल अर्को औपचारिक कार्यक्रममा सीमित हुने संकेत देखिँदैन। बरु, नेपाली साहित्य, अनुसन्धान र प्रकाशनबारे गहिरो बहस हुने खुला मञ्चको रूपमा ‘कलम कनभर्सेशन’ स्थापित हुँदै जाने अपेक्षा गरिएको छ।

# ‘धागा’को पहिलो गीत ‘ट्याउँ ट्याउँ’ सार्वजनिक



**काठमाडौं/मस–** कात्तिक २८ गते नेपाल र भारतमा एकसाथ रिलिज हुन लागेको फिल्म ‘धागो’को पहिलो गीत सार्वजनिक भएको छ। ‘ट्याउँ ट्याउँ’ शीर्षकको रोमान्टिक कमेडी शैलीको गीतमा गायक पुष्पन प्रधान र गायिका आकांक्षा थापाले स्वर दिएका छन्। गीतका शब्द र संगीत पनि पुष्पनकै हुन्।

गीतको भिडियोमा कलाकार बुद्धि तामाङ, वर्षा राउत, सुरक्षा पन्त, प्रभात थापा र सुरभि थापासहितका कलाकारले नृत्य प्रस्तुत गरेका छन्। भिडियोको कोरियोग्राफी कविराज गहतराजले गरेका हुन्। प्रेम, आकर्षण र चाहनाको भाव बोकेको यस गीतले दर्शकमाझ फिल्मप्रतिको उत्साह बढाउने अपेक्षा निर्माण पक्षले गरेको छ। उदीप राना थापाको निर्देशनमा बनेको फिल्ममा सुरक्षा, बुद्धि, प्रभात र सुरभि मुख्य भूमिकामा छन्। तिनीसहित सुनिल थापा, रबिन सान्संकर, दीप छेत्री, प्रज्ञा थापा, बाबु प्रधान, सेवन विश्वकर्मा, राजीव भुसाल र आइशा तामाङको पनि अभिनय रहेको छ। वर्षा राउत भने गीतमा मात्र देखिएकी छन्। फिल्मको कथा र पटकथा निर्देशक थापाकै हो भने छायांकन बलिउडका अनिकेर एम. घोघले गरेका हुन्।

म्याग्नेट इन्टरटेन्मेन्ट इन्डियाको ब्यानरमा बनेको फिल्ममा अखिलेश राय (सम्पादन), बिनु प्रधान (कस्ट्युम डिजाइन), अनुरूप केर्टकेट्टा (भीएफएक्स), अमित त्रिवेदी (साउन्ड डिजाइन) र निर्मल पन्या (ब्याकग्राउण्ड स्कोर) को योगदान छ। निर्माणमा उमा थापा, उत्तम थापा र उदीप थापा रहेका छन् भने प्रभात थापा, समीर तामाङ र राजेश क्षेत्री सह-निर्मातामा छन्।


**Khairahani Municipality**
**Office of the Municipal Executive**
Khairahani, Chitwan
Bagmati Province, Nepal

**Invitation for Sealed Quotation Bidding**

**Date of Publication: 2082/05/19 (4th September 2025)**

Khairahani Municipality, Office of Municipal Executive, Khairahani, Chitwan invites online bids only under E-procurement system from eligible bidders for the Following Goods given below under Sealed Quotation Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S. N. | Contract ID | Works Descriptions | Estimated Amount | Bid Security Amount and Validity | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| 1 | 02/SQ/Goods/ khairahaniMun/ 2082/083 | Supply and delivery of medicine and laboratory | 798296.00 | NRS.22,000.00 | 2082/06/3 (19th September, 2025),12:00 hours |

Bid validity period should be 45 days and Bid security validity period 75 days after bid Opening. For Purchasing of bid Document, the office Bank Details are Given Below:
NRs.:1000.00, Bank: Agriculture Development Bank, Khairahani, Parsa, Chitwan,
Account No : 0509101151064094 Account Name:Khairahani Municipality, Office of Municipal Executive, Khairahani, Chitwan

**खैरहनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खैरहनी, चितवन**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना**

**सूचना प्रकाशन मिति २०८२/०५/२१**

यस नगरपालिकाबाट राष्ट्रिय दैनिकको मिति २०८२/०४/१२ को सञ्चारपत्रमा प्रकाशित Invitation for bids Notice:01/Works/NCB/Kmun/082/83 को PPMO को E-Procurement Portal मार्फत बोलपत्र आह्वान गरिएको तपसिलका निर्माण कार्यमा पेश भएका बोलपत्रदाताहरु बाट E-Bid मार्फत प्राप्त प्राविधिक एवम् आर्थिक प्रस्ताव मध्ये मिति २०८२/०५/१३ गते खोलिएको बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरुको बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन सम्पन भई मिति २०८२/०५/१९ गतेको निर्णयले स्वीकृत भएको हुँदा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ को उपनियम ५ बमोजिम निम्नानुसार मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| आर्थिक प्रस्ताव खोलिने मिति २०८२/०५/२९ गते आईतबार, समय बिहान ११:०० बजे, स्थान : खैरहनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, खैरहनी, चितवन | | | |
|---|---|---|---|
| सि. नं. | ठेक्का नं. | कार्य विवरण | प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नामावली |
| १. | 01/Works/NCB/ Kmun/082/83 | River Training Work of Ward Number 8 magani gau Udhyogh Sangh to ladari river | Banjara and Company Pvt Ltd, Swayambhu-15, Kathmandu<br>Adhikari Construction Pvt Ltd, Lamjung<br>Superior Nirman Sewa Pvt Ltd, Kathmandu<br>GRM-Mahakali- Matakankali JV<br>Kali Mata Construction Company<br>Janakalyan-Gaule-Rupakot JV, Kathmandu |



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**